मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ६६ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ माघ ८ गते बुधवार (Wednesday, January 22. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

सदाचारीलाई स्वागत
भ्रष्टाचारीलाई बहिस्कार ।
भ्रष्टाचारविरुद्ध शून्य
सहनशीलताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग




## चुरेबाट ढुङ्गा तस्करी

### दोहन रोक्न नहर बन्द गरेर चार बुँदे सहमति

पार्थ मण्डल

**भद्रपुर, माघ ७।** झापा र इलामको चुरे क्षेत्रलाई ढुङ्गा तस्करले अतिक्रमणको चपेटामा पारेको घटना बाहिरिएको छ ।

इलामको रोङ गाउँपालिका र झापाको मेचीनगर नगरपालिका जोड्ने चुरे क्षेत्रबाटै कानून विपरीत अवैध रूपमा ढुङ्गा उत्खनन् हुन थालेपछि रोङ गाउँपालिकाका जनप्रतिनिधि विरोधमा उत्रिएपछि यस्तो घटना बाहिरिएको हो ।

झापाका जनप्रतिनिधि र प्रहरी, प्रशासनले चुरे क्षेत्रबाट हुने गरेको अवैध ढुङ्गा उत्खनन्मा चासो नदेखाएपछि रोङ गाउँपालिकाका जनप्रतिनिधि र स्थानीय युवा चुरे क्षेत्र बचाउ अभियानमा उत्रिएका हुन् ।

चुरे क्षेत्रको रोङ गाउँपालिका-६स्थित सिद्धि र मेची खोलामा दिनहुँ ढुङ्गा, गिट्टी उत्खनन् गर्ने कार्य नरोकिएपछि रोङ गाउँपालिकाका स्थानीय युवा सिञ्चाइ नहर बन्द गरेर विरोधमा उत्रिएका थिए ।



स्थानीय युवाहरूले संघर्ष समिति गठन गरी सिद्धि खोलाको सिञ्चाइ नहर बन्द गरेपछि मेचीनगर- १, २, ३ र ४का कृषक नौ दिन पानीबाट बञ्चित हुनुपऱ्यो । सिद्धि नहरको पानीले मेचीनगरमा १७ सय हेक्टर जमिनमा सिञ्चाइ हुँदै आएको छ । आईई गरेको क्षेत्रबाट मात्र ढुङ्गा, गिट्टी र बालुवा

*(बाँकी अन्तिम पृष्ठमा)*

## दुई बालिकामाथि यौन शोषण, वडा सचिव पक्राउ

**झापा, माघ ७।** खसीको मासु लिएर आउँदै गरेका बेला मोरङको लेटाङमा एक बालिका बलात्कारको शिकार भएकी छन् ।

मोरङको लेटाङ नगरपालिका-९ जाँतेमा ११ वर्षीया बालिका बलात्कृत भएकी हुन् । मासु लिएर आउँदै गरेका बेला लेटाङ-८ घर भएकी बालिकामाथि बलात्कार भएको प्रहरीले जनाएको छ । प्रहरीले बलात्कार आरोपमा ४६ वर्षीय तीर्थबहादुर कार्कीलाई पक्राउ गरेको छ ।

कार्कीले बालिकालाई आफ्नै घरभित्र लगेर बलात्कार गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । घरमा श्रीमती नभएको मौका छोपेर मासु बोकेर आउँदै गरेकी बालिकालाई कार्कीले आफ्नो घरभित्र लगेर बलात्कार गरेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी लोकदर्शन थापाले जानकारी दिए । कार्कीले बलात्कार गरेको कोही कसैलाई सुनाएमा मारिदिने धम्की दिएको प्रहरीलाई बताएकी छन् ।

पीडित बालिकालाई उपचार र स्वास्थ्य परीक्षणका लागि बिराटनगरको कोशी अस्पताल ल्याइएको छ । अभिभावकले किटानी जाहेरी दिएपछि कार्कीलाई प्रहरीले पक्राउ गरेको हो । मंगलबार म्याद थप गरेर उनीमाथि अनुसन्धान भइरहेको डीएसपी थापाले जानकारी दिए ।

उता लेटाङ-५ खेरुवामा पढ्नका लागि स्कुल जाँदै गरेकी एक बालिकामाथि बलात्कारको प्रयास भएको छ । १४ वर्षीया बालिकामाथि लेटाङ-४का २५ वर्षीय राजु दमाईले बलात्कार प्रयास गरेको डीएसपी थापाले

*(बाँकी अन्तिम पृष्ठमा)*

**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **माघ १० र ११ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**
बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)



## दूध र पानीको स्वच्छतामा जोड

**मेचीनगर, माघ ७।** नागरिकको स्वास्थ्य तथा सुविधा कायम राख्न दूध तथा दूग्धजन्य पदार्थको उत्पादनदेखि उपभोगको चरणसम्म स्वच्छता हुनु पर्नेमा जोड दिइएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय झापाको आयोजना र नेपाल डेरी एशोसिएशन झापाको सहआयोजनामा चारआली खानेपानीको सभा हलमा मंगलवार भएको अन्तरक्रिया उक्त कुरामा जोड दिइएको हो । मानव स्वास्थ्यका लागि चाहिने बस्तुहरुको प्रयोग र व्यवस्थापन गर्न नसक्दा विभिन्न रोगहरु निम्तिने गरेको बताइएको छ ।

डेरी, पानी उद्योगीसँग खाद्य स्वच्छताका विषयमा छलफल गरिएको कार्यक्रम मेचीनगर नगरपालिका प्रमुख विमल आचार्यको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रममा पशु भेटनरी अस्पताल तथा विज्ञ केन्द्र झापा-इलाम प्रमुख डा. गंगाराम यादव, दूध उत्पादक संघ झापा सचिव चन्द्रप्रसाद सिग्देल, उद्योगी मीनप्रकाश मैनाली, मेचीनगर-१२का वडासदस्य लीला सुब्बा राजवंशी लगायतले मन्तव्य राखेका थिए ।

नेपाल डेरी एशोसिएशनका केन्द्रीय उपाध्यक्ष राजन चिमरियाले सञ्चालन गरेको कार्यक्रमको स्वागत भरतराज पुरीले गरेका थिए । अन्तरक्रिया कार्यक्रममा गाईपालकसहित दुई सय ५० जना किसानको सहभागिता रहेको थियो ।

# 'नागरिकको अभिव्यक्ति स्वतन्त्रता कुण्ठित'

## सूचना प्रविधि विधेयक सच्याउन माग

**झापा, माघ ७।** नेपाल पत्रकार महासंघ, नेपाल बार एशोसिएशन तथा गैरसरकारी संस्था महासंघको संयुक्त आयोजनामा मंगलबार नेपाल बार एशोसिएशनको सभाहलमा सूचना प्रविधि विधेयक र नागरिकको सावल विषयमा अन्तरक्रिया सम्पन्न भएको छ ।

कार्यक्रममा तीनै संस्था लगायत सहभागी नागरिक समाजका प्रतिनिधिहरुले प्रतिनिधिसभामा छलफलको क्रममा रहेको सूचना प्रविधि विधेयकले नागरिकको अभिव्यक्ति स्वतन्त्रतलाई कुण्ठीत पार्ने भन्दै त्यसलाई सच्याउन माग गरेका थिए ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले नेपालमा भएका राजनीतिक परिवर्तनहरुमा यी संस्थाहरु लगायत नागरिक समाजको सक्रिय भूमिका रहेको बताउँदै अहिले आइरहेका विभिन्न विधेयकहरुले लोकतन्त्रको मूल अवधारणामाथि प्रहार गरेको बताए । उनले सूचना प्रविधि विधेयकका कतिपय प्रावधानहरुले नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने बताउँदै तिनलाई सच्च्याउनु पर्ने र नसच्चिएसम्म पत्रकार महासंघ पछाडि नहट्ने बताए ।

नेपाल बार एशोसिएशनका अध्यक्ष चण्डेश्वर श्रेष्ठले सरकारले विधेयकहरु ल्याउँदा सम्बन्धित सरोकारवालाहरुसँग संवाद र सहकार्य गरेर मात्रै ल्याउनुपर्नेमा जोड दिए । उनले कानून आवश्यक छ भन्दैमा नागरिकको अधिकार कटौती हुने कानून मान्य नहुने पनि बताए । विधेयकमा सरकारले सूचना प्रविधि अदालत गठन गर्ने प्रावधान राखिएकोमा त्यो संविधानको धारा १२८ले न्याय निरुपणको अधिकार स्वतन्त्र न्यायपालिकालाई दिएकाले सो प्रावधान संविधानको विरुद्ध रहेको बताए ।

गैरसरकारी संस्था महासंघका अध्यक्ष जीतराम लामाले अहिले सरकारले लगातार विभिन्न विधेयकहरु ल्याएर नागरिकको अधिकार कुण्ठीत गर्ने प्रयास गरिरहेकोमा सम्पूर्ण नागरिक समाज त्यसका बिरुद्ध एकजुट हुनुपर्ने धारणा व्यक्त गरे । उनले जनतालाई अधिकार सम्पन्न बनाए मात्र लोकतन्त्र बलियो हुने भन्दै यो आन्दोलन जनताको अधिकार प्राप्तिका लागि भएकाले जनताको जीत हुने बताए ।

कार्यक्रममा सूचना प्रविधि विधेयकमाथि टिप्पणी गर्दै नेपाल पत्रकार महासंघका उपाध्यक्ष बिपुल पोखेलले सरकारले सूचना प्रविधि अदालत गठन गर्न खोज्नु सैद्धान्तिक रुपमा नै त्रुटिपूर्ण रहेको बताए । त्यसैगरी नेपाल बार एशोसिएशनका महासचिव लीलामणि पौडेलले लोकतान्त्रिक सरकारले ल्याएका विधेयकहरु जनताको आवाजलाई बन्द गर्न खोज्ने प्रवृत्तिका देखिएको बताए । त्यसैगरी गैरसरकारी संस्था महासंघका महासचिव रामप्रसाद सुवेदीले सरकारले विगतका आन्दोलनमा साथै लडेका नागरिक शक्तिहरुलाई नियन्त्रण गर्न खोजेको देखिएको बताए ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल खानेपानी उपभोक्ता महासंघ, राष्ट्रिय अपाङ्ग महासंघ, लगायतका संघ-संस्थाका प्रतिनिधिहरुले सबै क्षेत्रमा ल्याइँदै गरेका कानूनहरु नियन्त्रणमुखी देखिएकाले त्यसका विरुद्ध एकजुट भएर लाग्नुपर्ने बताए । त्यसका लागि पत्रकार महासंघ, बार एशोसिएशन, गैरसरकारी संस्था महासंघ जस्ता संस्थाहरुले नेतृत्व लिनुपर्ने उनीहरुको धारणा थियो ।

कार्यक्रममा सहभागीहरुले यो विधेयकले आम नागरिकको अभिव्यक्ति स्वतन्त्रता, सूचनाको अधिकार, गोपनीयताको अधिकार लगायतमाथि प्रहार गरेकाले यसमा संशोधन हुनुपर्ने माग राखेका थिए ।

## कुटपिटले ज्यान गयो

**उदयपुर, माघ ७।** उदयपुरको कटारी-१० राम्चेका ६६ बर्षीय बलबहादुर सुनुवारको कुटपिटबाट मृत्यु भएको छ ।

सोमवार राति स्थानीय ४४ बर्षीय केबलबहादुर सुनुवार र मृतकबीच सामान्य बादबिबाद भई कुटपिट हुँदा बलबहादुर घाइते भएका थिए । घाइतेलाई उपचारको लागि कटारी अस्पताल लगिएकोमा उपचारको क्रममा मंगलवार मृत्यु भएको हो । कुटपिट गर्ने केबलबहादुरलाई इलाका प्रहरी कार्यालय कटारीले नियन्त्रणमा लिएको छ भने थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

## श्री नवदुर्गा मन्दिर निर्माणार्थ आयोजित श्रीमद् भागवत महापुराणमा प्राप्त आर्थिक सहयोग

**ऐतिहासिक महत्व बोकेको झापाको बाह्रदशी गाउँपालिका-७ डाँगीबारीस्थित श्री नवदुर्गा मन्दिरमा गत माघ २ गते विहीवारबाट नवदुर्गा मन्दिरको स्तरोन्नतिसँगै सामुदायिक भवन निर्माण गर्ने अति पवित्र उद्देश्य राखेर सञ्चालन भइरहेको श्रीमद् भागवत महापुराण तथा धनधान्याञ्चल महायज्ञमा तन, मन र धनले सहयोग गर्नु हुने सम्पूर्ण धर्मानुरागी महानुभावहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । साथै आर्थिक सहयोग गर्नु हुने महानुभावहरुको नामावली यस प्रकार रहेको छ ।**

| क्र.स. | नाम/संस्था | ठेगाना | रकम |
|---|---|---|---|
| १. | लोकनाथ+डिकुरादेवी चम्लागाँई | बाह्रदशी-७ | ५,५५,५५५।- |
| २. | भक्तिप्रसाद भेटवाल | बिर्तामोड-१ | ५,१११।- |
| ३. | अरुण श्रेष्ठ | बिर्तामोड-५ | ५,१००।- |
| ४. | दिपजन अंग्रेजी मावि | बाह्रदशी-६ | ५१,५५५।- |
| ५. | लक्ष्मण पाठक | बाह्रदशी-६ | ५१,०००।- |
| ६. | जयबहादुर बुढाथोकी | बाह्रदशी-७ | ११,१११।- |
| ७. | माही झा | बाह्रदशी-७ | ५,५५५।- |
| ८. | टीकाराम प्रसाईं | बाह्रदशी-७ | ५,५५५।- |
| ९. | कुसुमलाल राजवंशी | बाह्रदशी-६ | १२,२६६।- |
| १०. | सुमित्रा चौधरी | बाह्रदशी-७ | ११,१११।- |
| ११. | नरप्रसाद+प्रेमकुमारी शिवाकोटी | बाह्रदशी-६ | ५,०१५।- |
| १२ | देवीमाया सिंह | बाह्रदशी-७ | ६,०५५।- |
| १३. | चन्द्रबहादुर+गंगादेवी कटुवाल | कनकाई-९ | ११,१११।- |
| १४. | कमला कटुवाल | बाह्रदशी-५ | ११,१११।- |
| १५. | मेदनीप्रसाद उप्रेती | बाह्रदशी-५ | ११,१११।- |
| १६. | नेत्रप्रसाद+कमलादेवी पौडेल | बिर्तामोड-२ | ११,१११।- |
| १७. | प्रजापति+मित्रुविन्दा निरौला | बाह्रदशी-७ | १०,१११।- |
| १८. | रमेशप्रसाद शाह | कन्काई-९ | ७,७७७।- |
| १९. | ओमनाथ+टोमादेवी गुरागाई | बाह्रदशी-२ | ५,५५५।- |
| २०. | गणेश+रोशनी श्रेष्ठ | बाह्रदशी-७ | ५,५५५।- |
| २१. | पुण्यप्रसाद सुवेदी | बाह्रदशी-७ | ५,५५५।- |
| २२. | रजनी राजवंशी | बाह्रदशी-५ | ५,५५५।- |
| २३. | विमला सुवेदी | बाह्रदशी-६ | ५,५५५।- |
| २४. | सुरेन्द्र-ठगमाया गौतम | बाह्रदशी-३ | ५,५५५।- |
| २५. | यादवबहादुर बोहोरा | कन्काई-९ | ५,५५५।- |
| २६ | ब्रह्मलाल राजवंशी | बाह्रदशी-५ | ५,५५५।- |
| २७. | इन्द्रकुमार भण्डारी | बाह्रदशी-५ | ६,५५५।- |
| २८. | हेमसागर कट्टेल | बिर्तामोड-२ | ५,५५५।- |
| २९. | भीमबहादुर-दीपक बुढाथोकी | बाह्रदशी-६ | २५,०००।- |
| ३०. | इन्द्रबहादुर+तारा राई | बाह्रदशी-७ | २५,५२५।- |
| ३१. | चन्द्रकला अधिकारी | बाह्रदशी-७ | ११,१११।- |
| ३२. | मैथिली समाज | बाह्रदशी-७ | ३१,१११।- |
| ३३. | स्व. सन्तबहादुर मैनावत्ती राजवंशी | बाह्रदशी-७ | ५१,१११।- |
| ३४. | लीलादेवी शिवाकोटीको स्मृतिमा (भोजराज शिवाकोटी) | बाह्रदशी-७ | ११,१११।- |
| ३५. | स्व. गीता खरेलको स्मृतिमा (भोजराज शिवाकोटी) | बाह्रदशी-७ | ११,१११।- |
| ३६. | स्व. गमबहादुरमगरको स्मृतिमा (डम्बर मगर) | बाह्रदशी-७ | २५,५५५।- |
| ३७. | लक्ष्मी+तिलरुपा कार्की | बाह्रदशी-७ | १,५१,१११।- |
| ३८. | गुणरत्न+राजेन्द्र उप्रेती | बाह्रदशी-७ | १,११,१११।- |
| ३९. | मेघराज रेग्मी | बाह्रदशी-७ | ५,६२१।- |
| ४०. | शुक्रबहादुर तामाङ | बाह्रदशी-७ | ११,१११।- |
| ४१. | महेशलाल राजवंशी | बाह्रदशी-६ | ११,१५१।- |
| ४२. | खेमराज+देवीमाया खरेल | बाह्रदशी-६ | ११,१५५।- |
| ४३. | रामकुमार यादव | बाह्रदशी-७ | ५,०५५।- |
| ४४. | ठाकुरबहादुर थापा | बाह्रदशी-७ | ५,०५५।- |
| ४५. | विमलराज भट्टराई | बाह्रदशी-७ | ५,०५५।- |
| ४६. | छविलाल+उमादेवी मैनाली | बाह्रदशी-७ | ५,०२५।- |
| ४७. | पाथीभरा देवी अभयन्ता समूह | बाह्रदशी-७ | ५,५५५।- |
| ४८. | गञ्जबहादुर+पाथारी राजवंशी | बाह्रदशी-५ | ५,५५५।- |
| ४९. | सेल्ठु+गीता राजवंशी | बाह्रदशी-७ | २५,५२५।- |
| ५०. | नारायण कार्की | बाह्रदशी-६ | ११,१११।- |
| ५१. | चन्द्रा राजवंशी | बाह्रदशी-७ | ५,५५५।- |
| ५२. | रामनाथ+शान्तिदेवी चौधरी | बाह्रदशी-८ | १०,१५५।- |
| ५३. | लक्ष्मीनारायण कीर्तन मण्डली | कनकाई-८ | ५,१००।- |
| ५४. | विजय+विन्दिया गुरुङ | बाह्रदशी-७ | ११,१११।- |
| ५५. | ज्ञानबहादुर पौडेल | बिर्तामोड-२ | ५,५५५।- |
| ५६. | मणिकुमार+पूर्णिमा श्रेष्ठ | बाह्रदशी-६ | ५,०५५।- |
| ५७. | पञ्चमिलन कीर्तन मण्डली | बाह्रदशी-६/७ | ५,५५५।- |
| ५८. | धर्मानन्द उप्रेती | कनकाई-९ | १०,१०५।- |
| ५९. | मिथिलेश चौधरी | बाह्रदशी-७ | ११,०५५।- |
| ६०. | डुमर-उमा राजवंशी | बाह्रदशी-७ | ५,५५५।- |
| ६१. | केशवती राजवंशी | बाह्रदशी-६ | ५,५५५।- |
| ६२. | प्रजापति चापागाई | बाह्रदशी-७ | ५,०५५।- |
| ६३. | बुधसरी राजवंशी | बाह्रदशी-६ | ५,१५५।- |
| ६४. | रामप्रसाद-देवीमाया पनेरु | बाह्रदशी-७ | ५,०२५।- |
| ६५. | पूर्णबहादुर कार्की | बाह्रदशी-६ | ५,१५५।- |
| ६६. | चैतु-रामवती राजवंशी | बाह्रदशी-६ | ५,००५।- |
| ६७. | भैरवेश्वर शिवालय मन्दिर संरक्षण समिति | बाह्रदशी-५/६ | १२,१६५।- |
| ६८. | तोयानाथ-रीता उप्रेती | कनकाई-८ | ५,५००।- |
| ६९. | मञ्जु-मैना उप्रेती | बाह्रदशी-७ | १,०१,१११।- |
| ७०. | राजेन्द्र-बेलिदेवी झा | बाह्रदशी-७ | ५१,१११।- |
| ७१. | मित्रराज-हरिमाया भट्टराई | बाह्रदशी-७ | २५,५५५।- |
| ७२. | लक्ष्मीप्रसाद चम्लागाई | बाह्रदशी-७ | ५,१११।- |
| ७३. | महेश्वर चम्लागाई | बाह्रदशी-७ | ११,०००।- |
| ७४. | नन्दराज ढकाल | बाह्रदशी-७ | ५,०००।- |
| ७५. | पशुपति-पुण्यप्रसाद त्रिताल | बाह्रदशी-७ | १०,६६०।- |
| ७६. | यमनाथ चम्लागाई | बाह्रदशी-७ | ५१,५५५।- |
| ७७. | नवीन भण्डारी | बाह्रदशी-७ | ५,००५।- |
| ७८. | देवीप्रसाद चम्लागाई | बाह्रदशी-७ | ५,५०५।- |
| ७९. | भक्तबहादुर बुढाथोकी | बाह्रदशी-७ | ५,१५५।- |
| ८०. | नरेन्द्र बर्देवा | बाह्रदशी-७ | ५,१००।- |
| ८१. | इन्द्र राजवंशी | बाह्रदशी-७ | ५,०५५।- |
| ८२. | भानु-डुमर राजवंशी | कनकाई-९ | ५५,०५५।- |
| ८३ | बेनुलाल राजवंशी | बाह्रदशी-७ | १०,५५५।- |
| ८४. | कृष्णप्रसाद-निसावी राजवंशी | बाह्रदशी-७ | ५,०५५।- |
| ८५. | बलराम-गंगादेवी डाँगी | बिर्तामोड-२ | २,२२,२२२।- |
| ८६. | एक्सेल डेभपलपमेन्ट बैंक | बिर्तामोड-५ | ५१,०००।- |
| ८७. | पलानु राजवंशी | बाह्रदशी-७ | ५,१०५।- |
| ८८. | शिवनारायण चौधरी | बाह्रदशी-७ | ६,०५५।- |
| ८९. | रामविलास-देवी चौधरी | बाह्रदशी-७ | ५,०२५।- |
| ९०. | इन्द्रकुमार-लक्ष्मी तामाङ | बाह्रदशी-७ | ५,५५५।- |
| ९१. | गंगाप्रसाद राजवंशी | बाह्रदशी-७ | ५,१५५।- |
| ९२. | राजेन्द्र-निर्मला सुवेदी | बाह्रदशी-७ | २५,५५५।- |
| ९३. | फेदुलाल राजवंशी | बाह्रदशी-७ | ११००५।- |
| ९४. | राजु-द्रौपदी-ठाकुर-ग्रहण राजवंशी | बाह्रदशी-७ | ५१,१११।- |
| ९५. | मनकामना कीर्तन मण्डली | बाह्रदशी-६ | ११,१५५।- |
| ९६. | पूर्णबहादुर-दुर्गादेवी थापा | बाह्रदशी-७ | २५,६०५।- |
| ९७. | कृष्णमायाराई | बाह्रदशी-७ | २९,९९९।- |
| ९८. | टीकाराम प्रसाईं | बाह्रदशी-७ | १५,११५।- |
| ९९. | अच्छतलाल राजवंशी | बाह्रदशी-७ | ५,१०५।- |
| १००. | चन्द्रमाया उप्रेती | बाह्रदशी-७ | १५,५५५।- |
| १०१. | विलास चौधरी | बाह्रदशी-७ | ५,१११।- |
| १०२. | अमरबहादुर-फूलकुमारी राजवंशी | बाह्रदशी-६ | ११,१११।- |
| १०३. | खुदिसरी राजवंशी | बाह्रदशी-७ | ५,१५५।- |
| १०४. | महेन्द्र-द्रौपदी यादव | बाह्रदशी-७ | ५,५५५।- |
| १०५. | हरिसुन्दर-मेघवती राजवंशी | बाह्रदशी-७ | ५,००५।- |
| १०६. | अरुणदेवी कामेत | बाह्रदशी-७ | ६,०५५।- |
| १०७. | शम्भु-रञ्जु चौधरी | बाह्रदशी-७ | ५,१५५।- |
| १०८. | झलक मोते | बाह्रदशी-७ | ५,०५५।- |
| १०९. | विद्यालाल चौधरी | बाह्रदशी-७ | १५,५५५।- |
| ११०. | इन्द्रप्रसाद-हर्कमाया धमला | बाह्रदशी-५ | ५,५५५।- |
| १११. | महेन्द्रकुमार श्रेष्ठ (सी) | बाह्रदशी-७ | ५,५५५।- |
| ११२. | आस्नुमा निर्माण सेवा | बाह्रदशी-५ | १,०१,१११।- |
| ११३. | विजु-विशाल श्रेष्ठ | बाह्रदशी-७ | १,००,१११।- |
| ११४. | धर्मा चौधरी | बाह्रदशी-७ | ५,१५५।- |
| ११५. | सुवेदी कल्याण प्रतिष्ठान | बाह्रदशी-६/७ | ५,१००।- |
| ११६. | सुधनलाल राजवंशी | बाह्रदशी-६ | ५,५५५।- |
| ११७. | शिवमाया थापा | बाह्रदशी-६ | ५,१०५।- |
| ११८. | सिंहदेवी कीर्तन मण्डली | बाह्रदशी-७ | ५,१००।- |
| ११९. | अक्षतलाल-अन्धारी-लालवती राजवंशी | बाह्रदशी-७ | ५,०५५।- |
| १२०. | ओमकार रेडिमिक्स एण्ड कंक्रिट प्रा.लि., बिर्तामोड, झापा | बिर्तामोड-२ | १,०१,०००।- |
| १२१. | महेश-अर्जुन-कमलादेवी कटुवाल | कनकाई-८ | १५,५५५।- |
| १२२. | नवीन गट्टानी | अर्जुनधारा | ९०,०००।- |
| १२३. | लालबहादुर प्रधान | बाह्रदशी-७ | ६,१०१।- |
| १२४. | उमा प्रसाईं | बाह्रदशी-६ | ११,०००।- |
| १२५. | ईश्वरी-पुष्पा प्रसाईं | बाह्रदशी-६ | ५६,१५६।- |
| १२६. | हुमणी-सन्ध्या कार्की | बाह्रदशी-७ | ५,०२५।- |
| १२७. | नारायण-हरि-प्रेम-पशुपति लम्साल | बाह्रदशी-७ | २२,२२५।- |
| १२८. | विष्णुमाया विष्ट | बाह्रदशी-७ | ५,१२५।- |
| १२९. | रितु ढकाल (घिमिरे) | बाह्रदशी-७ | ५,०२५।- |
| १३०. | कविता कार्की (खड्का) | बाह्रदशी-७ | ५,१००।- |
| १३१. | टीकाराम-नारायणी रोक्का | बाह्रदशी-७ | ११,१११।- |
| १३२. | लक्ष्मीप्रसाद तामाङ | बाह्रदशी-७ | ५,१०५।- |
| १३३. | यामबहादुर-गीता बुढाथोकी | बाह्रदशी-७ | ५,५५५।- |
| १३४. | राजकुमार चौधरी | बाह्रदशी-७ | ५,५५५।- |
| १३५. | सुनिल-मिनाकुमारी राजवंशी | बाह्रदशी-७ | ३१,०००।- |
| १३६. | जोगमाया श्रेष्ठ | बाह्रदशी-७ | ५५,५५५।- |
| १३७. | पूर्णिमा, सरस्वती, सविना, कविता र पानकुमार राजवंशी | बाह्रदशी-७ | ११,०५५।- |
| १३८. | होमनारायण राजवंशी | बाह्रदशी-७ | ५,००५।- |
| १३९. | टोम-सेमा राजवंशी | बाह्रदशी-७ | ५१,०००।- |
| १४०. | हिरा-राजन-माया राजवंशी | बाह्रदशी-७ | ११,१११।- |
| १४१. | कृष्ण-मिना भण्डारी | बाह्रदशी-५ | ११,२३४।- |
| १४२. | लक्ष्मीकुमारी श्रेष्ठ | बाह्रदशी-७ | २५,०२५।- |
| १४३. | युवराज-रुविना खड्गी | दमक-७ | २५,५२५।- |
| १४४. | नारायण-कमला राजवंशी | बाह्रदशी-७ | ५,०५५।- |
| १४५. | छतरलाल राजवंशी | बिर्तामोड-३ | ५,५००।- |
| १४६. | लालबहादुर-चनमाया श्रेष्ठ | बाह्रदशी-७ | २५,७७५।- |
| १४७. | नेपाल क्लब हङकङ (अध्यक्ष रीता गुरुङ) | | २५,०००।- |
| १४८.. | हनुमान कम्प्लेक्स व्यापार समिति | बिर्तामोड | १७,०१५।- |
| १४९. | रत्न-संगीता श्रेष्ठ | बाह्रदशी-७ | ५,१०५।- |
| १५०. | लीला, मिनु, शुभेच्छा प्रसाईं | बाह्रदशी-७ | ६,०००।- |
| १५१. | शान्ता, कुश्चल, अंकिता प्रसाई. | बाह्रदशी-७ | ५,५५५।- |
| १५२. | डम्बरबहादुर थापा | बाह्रदशी-७ | ५,५५५।- |
| १५३. | रत्न-उमा, कुवेर-दिव्यासरी श्रेष्ठ | बाह्रदशी-७ | १५,५५५।- |
| १५४. | अनुश्री वान्तवा राई | क्यानडा | ५,०११।- |
| १५५. | सेलिना खालिङ राई | काठमाडौं | ५,०११।- |
| १५६. | कलबहादुर राजवंशी | बाह्रदशी-६ | ५,५५५।- |
| १५७. | रुद्रबहादुर थापा | बाह्रदशी-५ | ११,०११।- |
| १५८. | रामबहादुर चम्लागाँई | बाह्रदशी-५ | २५,२५५।- |
| १५९. | ओमकार रेडिमिक्स नवीन विमली-अर्जुन मैनाली) | बिर्तामोड-२ | १,०१,१११।- |
| १६०. | दलबहादुर राजवंशी | बाह्रदशी-६ | ५,०५५।- |
| १६१. | परदेशी चौधरी-लक्ष्मी चौधरी (छोरा स्व. मोहन चौधरीको स्मृतिमा) | बाह्रदशी-७ | ५१,१११।- |
| १६२. | खगेन्द्र प्रसाईं-नेत्र नेपाल: सञ्चालक सुसन ट्रेडर्स | कनकाई-८ | १,११,१११।- |

**देवेन्द्रप्रसाद चम्लागाँई: अध्यक्ष, महायज्ञ मूल आयोजक समिति**

**श्री नवदुर्गा मन्दिर, बाह्रदशी गाउँपालिका-७, डाँगीवारी, झापा**

## चुरेबाट ...

उत्खनन् गर्न पाउने भनी मेचीनगर नगरपालिकाले ठेक्का लगाएको छ । तर, ठेकेदार र तस्करले चुरे क्षेत्रको इलामबाट ढुङ्गा तस्करी गरी झापा ल्याएर बेच्ने गरेको पाइएको छ ।

चुरे क्षेत्रको दोहन रोक्न संघर्ष समितिले बन्द गरेको नहरमा रोङ गाउँपालिकाको नैतिक समर्थन रहेको रोङ-६का वडाध्यक्ष सुवास तामाङले बताए । जनप्रतिनिधि नहुँदा र सिञ्चाइ नहरको निर्माण कार्य हुँदादेखि चुरे क्षेत्र बचाउ अभियानमा लागीपरेको बताउँदै वडाध्यक्ष तामाङले भने- 'तस्करको चपेटामा परेको चुरे क्षेत्र नै नरहे मेचीनगरवासीले सिद्धिको पानी कसरी पाउँछन्, चुरे क्षेत्र बचाउनु सबैको दायित्व हो, त्यसैले संघर्ष समितिले पानी बन्द गरेर बिरोध गरेकै हो ।'

जनप्रतिनिधिले नहर बन्द नगरेको प्रष्ट्याउँदै उनले भने- 'मेचीनगरको बाहुनडाँगी र तिरीङका कृषकलाई ९ दिन पानी नहुँदा समस्या परेकै हो । चुरे दोहन रोकिएपछि कृषकले सँधैका लागि पानी पाउँछन्, यस अभियानमा कृषकले पनि साथ दिनुपर्‍यो ।' उनका अनुसार वडा कार्यालयले त्यस क्षेत्रमा उत्खनन् गर्ने ट्याक्टरलाई १० हजार जरिवाना तोकेको छ ।

**नहर बन्द भएको ९ दिनपछि सर्वपक्षीय सहमति**

चुरे क्षेत्र दोहनसँगै ढुङ्गा तस्करी रोक्नुपर्ने संघर्ष समितिले अडान राख्दै सिद्धि नहर बन्द गरेपछि सोमबार इलाम र झापाबीच सर्वपक्षीय छलफल भएको थियो । सोमबार साँझसम्म भएको छलफलमा चार बुँदे सहमति भएको छ ।

सहमतिमा सिद्धि र मेची नदी चुरे बफर जोन क्षेत्रको नदीजन्य पदार्थ निषेधित क्षेत्र भएको हुँदा सो क्षेत्रमा नदीजन्य पदार्थहरू ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् कार्यलाई तत्काल बन्द गर्ने र यस क्षेत्रमा ढुवानीका साधनहरू ट्रक, ट्याक्टर र टिपर प्रवेशमा रोक लगाउनुका साथै सो क्षेत्रमा त्यस्ता सवारीसाधन प्रवेश गरेको भेटिएमा दुवै पालिकाले कानूनी कारबाहीका लागि स्थानीय प्रशासनमा लेखेर पठाउने उल्लेख छ ।

त्यस्तै सो क्षेत्रका स्थानीयले घरायसी प्रयोजनका लागि सवारीसाधन नदीमा लगेको खण्डमा स्थानीय तहबाट अनुमति-पत्र अनिवार्य ल्याउने, सिद्धि नहरको बन्द रहेको पानी मंगलवार बिहान ६ बजेदेखि सुचारु गर्ने, चुरे बफर जोन क्षेत्रमा उत्खनन् भएको नदीजन्य पदार्थलाई जिल्ला अनुगमन समितिको निर्णय अनुसार नियन्त्रण लिई कानून बमोजिम प्रक्रिया अघि बढाउने सहमति भएको छ ।

त्यसैगरी चुरे क्षेत्र लगायत आईई नभएका क्षेत्रहरूलाई दुवै पालिकाहरूले उत्खनन् नगर्ने नगराउने प्रतिबद्धता जनाउँदै दुवै पालिकाले सार्वजनिक सूचना जारी गर्ने निर्णय भएको जिल्ला समन्वय समिति झापाका अध्यक्ष सोमनाथ पोर्तेलले जानकारी दिए ।

जिल्ला समन्वय समिति झापाका अध्यक्ष पोर्तेलको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकमा प्रदेश सांसद श्रीप्रसाद मैनाली, मेचीनगर नगरपालिकाका मेयर बिमल आचार्य, रोङ गाउँपालिकाका अध्यक्ष शम्शेर राई, मेचीनगर उपप्रमुख मीना उप्रेती, समन्वय समिति इलामका उपाध्यक्ष चित्रकला बराइली, सदस्य चन्द्र मगर, झापाका सदस्य गंगा कार्की, झापाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णकुमार निरौला, रोङ-६का वडाध्यक्ष सुवास तामाङ, मेचीनगर-१का वडाध्यक्ष पासाङ तामाङ, संर्घष समितिका संयोजक निर्मल स्याङ्बो ( तामाङ) लगायत सिद्धि नहरका उपभोक्ता, पत्रकार, सुरक्षाकर्मीको उपस्थिति थियो ।

**सहमति भएको तीन घण्टा नबित्दै फेरि उत्खनन्**

सोमबार बेलुका साढे ६ बजे सर्वपक्षीय सहमति पश्चात् चार बुँदे सहमति गरेर सबै जना आ-आफ्नो बाटो लागे । चुरे बफर जोनमा उत्खननसँगै सवारीसाधन निषेधित क्षेत्र तोक्दै सहमति भयो । सहमति भएको तीन घण्टा नबित्दै सो क्षेत्रबाट ढुङ्गा उत्खनन् भएको छ ।

त्यस क्षेत्रबाट उत्खनन् गरी काँकरभिट्टा हुँदै बिर्तामोड तर्फ गइरहेको दुईवटा टिपर इलाका प्रहरी कार्यालय काँकरभिट्टाको टोलीले नियन्त्रणमा लियो । प्रहरीले ना७ख ६६२५ नम्बर टिपर धुलाबारी चोकबाट र को१ख ४३९४ नम्बरको टिपर इँटाभट्टा चोकबाट नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलले जानकारी दिए । दुवै टिपरले चुरे क्षेत्रबाटै ढुङ्गा लोड गरी ल्याएको चालकलाई सोधपुछ गर्दा खुलेको उनले बताए । चालकसँग मेचीनगरले ठेक्का लगाएको विनीता श्री ट्रेड एण्ड सप्लायर्स प्रालि इटहरी रसिद थियो । सो रसिदमा ढुङ्गा २६५ क्यु फिटको कर बापत १ हजार ७ सय ९६ रुपैयाँ लिएको देखिन्छ । टिपर चालकले सोमबार बेलुका ६ बजे नेत्र सुब्बाले ढुङ्गा ल्याएको बताए ।

**९ दिनपछि नहर सञ्चालनमा**

झापाका जनप्रतिनिधिले चुरे क्षेत्र दोहनको विषयमा चासो नदेखाएपछि इलाम रोङ गाउँपालिकाका युवाहरूले सिद्धि नहर बन्द गरेर दबाब दिए । युवाहरूले संघर्ष समिति गठन गरेर पुस २७ गते नहर बन्द गरेका थिए । चार बुँदे सहमति पश्चात् मंगलवार बिहानदेखि नहर खोलिदिएको रोङ-६का वडाध्यक्ष तामाङले जानकारी दिए । सिद्धि नहरको पानी मेचीनगरको तिरीङ र बाहुनडाँगी क्षेत्रमा आउँछ । नहरकै पानी त्यहाँका कृषकले खेतबारीमा प्रयोग गर्छन् । नहर बन्दा हुँदा ९ दिनसम्म त्यहाँ कृषक समस्यामा परेका थिए । सरकारले ७० करोडभन्दा बढी लगानीमा सिद्धि नहर सञ्चालनमा ल्याएको हो ।

**आईई गरेको स्थानमा बोर्ड नै छैन**

मेचीनगर नगरपालिकाले आईई गरेको क्षेत्रमा बोर्ड नराख्दा चुरे क्षेत्र नभई हडिया, निन्दा, मेची, टिमाई नदीमा जथाभाबी उत्खनन् भइरहेको पाइएको छ । ठेकेदारले केही जनप्रतिनिधि र स्थानीय प्रहरीको आडमा ती खोलाहरूको निरन्तर दोहन गरिरहेका छन् । खोलाहरूको दोहन भइरहँदा समेत अनुगमन समितिले त्यसतर्फ चासो देखाएको छैन ।

गतबर्ष नदीजन्य पदार्थ जिल्ला अनुगमन समिति झापाले मेचीनगरमा अनुगमन गर्दा पनि नगरपालिकाले आईई गरेको क्षेत्र बाहेकका क्षेत्रबाट ठेकेदारले जथाभावी उत्खनन् गरिरहेको पाइएको थियो । यस बर्ष पनि ठेकेदारले आईई क्षेत्रबाहेक पनि नदीका सीमाहरू विभिन्न व्यक्तिलाई बेचेर रकम असुल्दै आएको छ । आईई क्षेत्र तोकेको स्थानमा सबैले देख्ने गरी बोर्ड राख्न मेचीनगर नगरपालिकालाई जानकारी गराइसकेको इलाका प्रहरी कार्यालय काँकरभिट्टा प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलले बताए ।

उनले भने- 'नियन्त्रण गर्ने प्रहरीलाई नै थाह छैन, कुन क्षेत्र आईई गरेको हो, कुन क्षेत्र होइन ।' 'बोर्डसहित आईईको प्रतिवेदन मेचीनगरका मेयरसँग माग गरेका छौं'- उनले भने- 'मेचीनगरले नदीजन्य पदार्थको परिणाम खुल्ने गरी बोर्ड राखेपछि नदी दोहन आफैं नियन्त्रण हुन्छ, यसका लागि प्रहरी लागीपरेको छ ।' चुरे क्षेत्रको दोहन रोक्न तिरीङ प्रहरी चौकीका इञ्चार्जलाई खटाइसकेको उनले जानकारी दिए ।

## दुई बालिकामाथि ...

जानकारी दिए । स्कुल जाने क्रममा बाटोमा पछाडिबाट मुख थुनेर दमाईले जवरजस्ती गर्न खोजेको बालिकाले सुनाएपछि अभिभावकले प्रहरीमा किटानी जाहेरी दिएका थिए । प्रहरीले उनलाई पनि पक्राउ गरेको छ ।

त्यस्तै बारामा शौच गर्न घर बाहिर निस्केकी एक महिला गत आइतबार राति बलात्कारको शिकार भएको घटना सर्वजनिक भएको छ । देवताल गाउँपालिका-६ का वडासचिव बलिराम मण्डललाई ती महिलालाई बलात्कार गरेको आरोपमा पक्राउ गरेको बारा प्रहरीले जनाएको छ ।

घरबाट निस्केर गाउँ बाहिर शौच गर्न जाँदै गर्दा मण्डलले ती महिलालाई नजिकै रहेको उखुबारीमा लगेर बलात्कार गरेको अनुसन्धानबाट खुलेको बाराका प्रहरी नायव उपरीक्षक गौतम मिश्रले जानकारी दिए । वडासचिव मण्डलले ती महिलालाई जबर्जस्ती करणी गरेको जानकारी पाए लगत्तै प्रहरीले मण्डललाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाएको बताइएको छ ।

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

**यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।**

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७६।१०।०८ | ११ केभी गरामनी फिडर | अनारमनी वितरण केन्द्र अन्तर्गतको बिर्तामोड मुक्तिचोक दक्षिण, बिर्ताबजार, गोलधाप लगायत सबै क्षेत्र । | विहान ८:०० बजेदेखि दिउँसो ५ बजेसम्म | भद्रपुर रोडको ११ केभी पोल सार्ने कार्य तथा मर्मत कार्य | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

**नेपाल विद्युत् प्राधिकरण**
**अनारमनी वितरण केन्द्र, बिर्तामोड, झापा**

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# संसदको सम्मान बढोस्

**चार महिनादेखि नेतृत्वविहीन प्रतिनिधिसभाले आउने हप्ता सभामुख पाउने भएको छ । सत्तारुढ दलभित्रको विवादका कारण सभामुखका लागि सर्वसम्मत उम्मेदवार चयन गर्न नसक्दा लामो समय रित्त रहेको पदमा यही माघ १२ गते निर्वाचन हुने भएको हो । यौन दुर्व्यवहारको आरोप लागेका तत्कालीन सभामुख कृष्णबहादुर महराले राजीनामा दिएपछि उपसभामुख शिवमाया तुम्वाहाम्फेले सञ्चालन गरेको संसद बैठक सूचना टाँस्दै स्थगित हुँदै आएको थियो । जसका कारण हिउँदे अधिवेशनले गर्नुपर्ने कतिपय विधेयकमाथिको छलफल तथा निर्णयहरु हुन पाएनन् । त्यसले संसदको नियमित प्रक्रिया अवरुद्ध मात्रै भएन एकीकरण भएका एमाले र माओवादीभित्र गुटगत ध्रुवीकरण नै शुरु भएको थियो ।**

**पार्टीका दुई अध्यक्षहरु प्रधानमन्त्री केपी शर्मा ओली र पुष्पकमल दाहाल एकीकरण अघिको मानसिकताका कारण आ–आफ्ना नजिककालाई सभामुख बनाउन दृढ रहेका कारण प्रतिनिधि सभा बन्धक बनेको थियो । पार्टीका दुई अध्यक्षबीचको विमति तत्कालीन माओवादी कै उम्मेदवारमा टुंगिएपछि अग्निप्रसाद सापकोटा सभामुख बन्ने पक्का जस्तै भएको छ । संसदमा दुईतिहाईको मतमा रहेको नेकपाका सापकोटाको उम्मेदवारी हुने भएपछि उनीमाथि लागेको अभियोगको विषय पनि सतहमा आएको छ । उपसभामुख डा. तुम्वाहाम्फेले पदबाट राजीनामा दिएपछि मात्रै सभामुखको निर्वाचनको बाटो खुलेकाले आउँदो १२ गते प्रतिनिधि सभाले नेतृत्व प्राप्त गर्ने टुंगो भएको हो ।**

**सरकारका तीन अङ्गहरुकाबीच ‘चेक एण्ड ब्यालेन्स’ हुनुपर्छ । यसका लागि संसद प्रतिपक्षलाई दिने परम्परा छ । तर, हामी उहाँ सत्तारुढ दलले यस्तो परम्परालाई स्वीकार गरेको छैन । जसका कारण कार्यपालिका शक्तिशाली बनिएको छ र यसकै आडमा आवश्यक छलफल नै नगरी विधेयकहरु पारित गर्ने परिपाटी बसेको छ । कार्यपालिकाको यही शक्तिका कारण सभामुख चयनको प्रक्रिया यति लामो समयसम्म अलमलियो र प्रतिनिधि सभा गतिहीन र बन्धक बनियो । त्यहीकारणले दुई दर्जनभन्दा बढी विधेयक संसदमा दर्ता भएर बसेका छन् । मानव अधिकार आयोग, सूचना प्रविधि लगायतका केही विधेयक विचाराधीन र विवादित छन् । पारित भएसकेका कतिपय विधेयक सभामुख नभएकाले प्रमाणीकरण हुन पाएका छैनन् ।**

**सरकारमा रहने वा सवैधानिक अङ्गमा रहने व्यक्ति उदाहरणीय, अनुकरणीय र आदरणीय हुनुपर्छ । प्रतिनिधि सभा त सरकारका तीन अङ्ग मध्येको पनि ठूलो भएका कारण त्यसको नेतृत्व गर्ने व्यक्ति विवादित हुनुहुँदैन । ऊ कुनै दल, वर्ग, समूह वा झुण्डको होइन राष्ट्रको गौरव जोगाउन सक्ने क्षमताको हुनुपर्दछ । संसद जनप्रतिनिधिमूलक साझा र सर्वोच्च संस्था हो । त्यस्तो संस्थालाई दुईतिहाईको प्रतिनिधि सत्तारुढ दलले चार महिनादेखि बन्धक बनाएको भन्ने आरोपलाई मित्था बनाउन सक्ने नेतृत्व खोजेको छ । सरकारलाई समेत नियन्त्रण गर्न सक्ने क्षमता भएको संसदले कुशल नेतृत्व पाओस्, संघीयताका अवरोधहरु हटून्, संसदको सम्मान बढोस्, यसतर्फ प्रतिपक्षीले पनि सोचून् ।**

### सामाजिक सञ्जाल



‘सभामुख हुन सक्षम छु’ अडान दृढ थियो, पार्टीले अर्कै उम्मेदवार तय गरेपछि मार्ग प्रशस्त गर्नु जिम्मेवार कर्म । आस्था अलग तर एकल रूपमा परिवार सम्हालेकी, विधावारिधी गरेकी, संघर्षबाट आएकी र सम्भावना बोकेकी यी चेलीको दृढ तर जिम्मेवार प्रस्तुतिलाई बधाई दिन कञ्जुस्याइँ गर्नुहुन्न !

**– विश्वप्रकाश शर्मा**



योग्यता र क्षमता, रोलक्रम र आकांक्षा सबै दृष्टिले शिवमाया सभामुख बन्न लायक थिइन् । उनको दाबी थियो र दाबी पछिल्तर व्यापक लोकमत र सहानुभूति थियो । विडम्बनावस, स्वेच्छाचारी एकाधिकारी ओली सरको कोर्रासामु उनी लत्रिइन् । अनुभवसिद्ध उखान भन्छ मान्यवर, बोकेको कुकुरले मृग मार्दैन !

**– खगेन्द्र संग्रौला**

# दल हाँक्न नेता कि नीति ?



चिन्तामणि दाहाल

**थालनी :**

विश्व राजनीतिमा व्यापक बहस भएको, अझै पनि भइरहेको र भविष्यमा पनि भइरहने विषय हो राजनीतिक दल हाँक्न नेता उपयुक्त हुनुपर्छ कि नीति । बहसका लागि सधैं ताजा रहने विषय भएकोले यसको सटिक उत्तर पाउन मुश्किल छ । कहिले नेता ठीक भएर राजनीतिक दलअघि बढेका हुन्छन् भने कहिले नीति ठीक भएपछि दलअघि बढेका हुन्छन् । कहिले नेता र नीति दुबै ठीक हुँदा सुनमा सुगन्ध भएको छ । पंक्तिकारले केही उदाहरण र घटना पेश गरेर यस विषयलाई बहसका लागि पाठक वर्गमै छोड्ने जमर्को गरेको छ । कुखुरा पहिला हो कि फुल भन्ने बहस जस्तै हुन्छ कि भन्ने लागेको छ पंक्तिकारका लागि नेता कि नीति पनि । यहाँहरुलाई के लाग्छ पंक्तिकारले थाहा पाउने कुरा भएन । तर, यो सबैमा अलमल भएको विषय भने पक्कै हो ।

**नीति र नेता :**

टाढा नजाउँ । नेपाल कै राजनीति हेर्ने हो भने राणाकालमा उनीहरुको निरंकुशताको विरोध गर्न गठित प्रजापरिषद्ले आम नेपाली जनताको साथ पायो । त्यसलाई सञ्चालन गर्ने चारजना नेता राणाहरुबाट मारिए । उनीहरुले शहादत प्राप्त गरे । वि.सं. १९९७ सालमा मारिएका चार जना नेतामा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त र गंगालाल थिए । त्यसबेला काजीका नाति भएकाले मृत्युदण्डबाट जोगिएका गणेशमान सिंह र ब्राम्हण भएकाले बाँचेका टंकप्रसाद आचार्य थुनामा परेका थिए । जेल तोडेर भागेका गणेशमान पछि कांग्रेसका नेता भए भने आचार्य भने प्रजापरिषद्कै नेताको रुपमा कांग्रेसको विकल्पको रुपमा तत्कालीन राजा महेन्द्रले प्रयोग गरेर २०१३ सालमा प्रधानमन्त्री बनाए ।

२००७ सालअघिसम्म प्रजापरिषद्को नीति पनि ठीक थियो र नेता पनि । नेतामा प्रजातन्त्रका लागि त्याग, समर्पण र बलिदान दिन तयार हुनुपर्छ भन्ने सोच प्रबल थियो भने दलको नीति निरंकुश शासन व्यवस्था फालेर संवैधानिक राजतन्त्रको स्थापना गरेर प्रजातान्त्रिक व्यवस्था अन्तर्गत जनप्रतिनिधिमूलक संसदबाट शासन व्यवस्था सञ्चालन गर्नुपर्छ भन्ने थियो । यी दुबै कुरा भएकोले सुनमा सुगन्ध थियो ।

**नीति मात्र ठीक :**

तर, २००७ सालपछि दलको नीति ठीक भए पनि नेता स्वार्थी भए । साना लोभमा परे । दलका नेता कार्यकर्ताहरु सत्ताको मोहमा फँस्न थाले । परिणाम प्रजापरिषद् हरायो । नीति ठीक भएर पनि नेता ठीक नहुँदा दल समाप्त हुँदो रहेछ भनेर उदाहरण दिनुपर्‍यो भने प्रजापरिषद्लाई दिने गरिन्छ । प्रजापरिषद् अहिले पनि छ । तर, कहाँ छ खोजेर पत्ता लगाउन गाह्रो छ ।

अर्को उदाहरणमा २००४ सालमा स्थापित र २००६ सालमा पुनर्गठित नेपाली कांग्रेसमा त्यसबेला वीपी कोइराला, मातृकाप्रसाद कोइराला, गणेशमान सिंह, सुवर्ण शम्शेर, कृष्णप्रसाद भट्टराई र गिरीजाप्रसाद कोइरालाको नेतृत्व थियो । उनीहरुमा प्रजातान्त्रिक व्यवस्था स्थापनाका लागि त्याग, तपस्या, बलिदान र संघर्षको सोच थियो । एकतन्त्रीय जहानियाँ निरंकुश राणा शासनको अन्त्य गरी राजालाई संवैधानिक बनाई देशमा जनप्रतिनिधिमूलक संसदको माध्यमबाट



जनताको शासन व्यवस्था स्थापना गर्ने महान अभियान थियो । नेता र नेताको सोच पनि ठीक थियो भने त्यसलाई कार्यान्वयन गर्ने दलको सिद्धान्त र नीति पनि ठीक थियो । त्यसैले कांग्रेसको नेतृत्वमा भएको २००७ सालको क्रान्ति सफल भयो । त्यसबीच सत्ता ठूलो भन्नेहरु कांग्रेस छोडेर अरु दल गठन गरेर सत्तामा गए । जस्तो मातृकाप्रसाद कोइराला प्रजातन्त्र कांग्रेस पार्टी गठन गरेर प्रधानमन्त्री भए ।

कांग्रेसमै बस्ने नेताहरु र नीति ठीक भएका कारण २०१५ सालमा आम निर्वाचन हुँदा कांग्रेसले दुई तिहाई ल्यायो । वीपी कोइराला प्रधामन्त्री भए । उनलाई डेढ वर्षमै राजा महेन्द्रले पदच्युत गरेर प्रजातन्त्र नै मासे । जुन दलले क्रान्ति गरेर राणाहरुले खोपीमा सिमित गरेका राजाहरुलाई बाहिर निकाल्यो त्यही दलको शासन व्यवस्था फाल्ने काम राजाले गर्दा जनतामा राजतन्त्र पनि बदनाम भयो र आखिर राजतन्त्र नै समाप्त भयो । कांग्रेसमा वीपीको अवसानपछि कांग्रेसका नेताहरुले दलको प्रजातान्त्रिक समाजवादको नीतिलाई कमजोर बनाउँदै लगे पनि नेताहरु ठीक भएकोले उनीहरु २०७२ सालसम्मै जनतामा जसोतसो स्थापित भए पनि सातसाले त्याग तपस्या भएका नेताहरुको अवसानले नीति ठीक भए पनि त्यसलाई कार्यान्वयन गर्ने नेताहरुमा कमजोरी देखियो ।

**नीति मात्र ठीक :**

२०७४ सालको निर्वाचनसम्म आइपुग्दा कांग्रेसको सिद्धान्त र नीति वीपीकै नेतृत्वकालकै छ । त्यसैले ठीक छ । तर, नेताहरुको कार्यशैलीगत कमजोरी र सत्तामोह, नेतृत्व मोहमा फँस्ने प्रवृत्ति बुझेपछि जनता कांग्रेसबाट विमुख हुन थालेका छन् । त्यसैले कांग्रेस कमजोर हुन थालेको हो । गत आम निर्वाचनमा जनतालाई संविधान सभा मार्फत गणतन्त्रको संविधान दिन र माओवादीको हिंसापूर्ण राजनीतिबाट देशमा शान्तिपूर्ण राजनीति स्थापित गर्न महत्वपूर्ण योगदान दिने कांग्रेस अत्यन्त कमजोर प्रतिपक्ष हुनमा नीति होइन नेता ठीक नभएकोले हो ।

त्यस्तै उदाहरण मधेशवादी दलमा पनि देखिएको छ । मधेशको हित गर्छु भनेर नेता भएकाहरुले मधेश र मधेशीको भन्दा आफ्नो मात्र स्वार्थ हेरेपछि उनीहरुको नीति मधेश र मधेशी कै पक्षको भए पनि नेता ठीक नभएकोले क्रमशः बढारिँदै गएका छन् ।

यस्तो अवस्था कम्युनिष्ट पार्टीहरुमा पनि देखिएको छ । धेरै कम्युनिष्ट पार्टीहरु नाम मात्रका छन् भने अहिले सत्तामा भएको नेकपा गठजोड र तिकडमका कारण सत्तामा हावी भएको छ । यही अवस्थालाई जनताले पत्याएका कारण उनीहरु स्थापित भए पनि उनीहरुमा जनहितभन्दा जनताको स्वतन्त्रता खोस्ने सोच शुरु भइसकेकोले आउँदो निर्वाचन उनीहरुका लागि फलामको चिउरा चपाउनु सरह हुने देखिन्छ ।

**नेता ठीक :**

अहिलेको सत्ताधारी कम्युनिष्ट पार्टीमा केही नेता ठीक भएकोले नीति निरंकुश शासन गर्ने नै भएकोले केही नेताको कमजोरी जनतामा पुग्ने बित्तिकै उनीहरुको हालत पनि कांग्रेसकै गतिमा पुग्ने देखिन्छ । नेकपामा केपी शर्मा ओलीको राष्ट्रवादी धार, कडक नेतृत्व, स्पष्टवादिता र अडानलाई आम जनताले पत्याए । ओलीको छविमै लुटपुटिएर आफ्नो छवि बचाउन एकीकरणको नाममा सिद्धान्त र नीति छोडेर नेकपामा समाहित भएका पूर्व माओवादी नेता प्रचण्ड नेता त ठीक हुन् । उनको प्रभाव धेरथोर आमजनतामा भएकैले नेकपा सत्तामा छ । तर, नेकपाले नीति छोडेको छ । समाजवाद हुँदै साम्यवादमा पुग्ने कम्युनिष्टको नीतिलाई उसले कायम गर्न सकेको छैन । यो कुरा आउँदो निर्वाचनसम्म जनताले बुझिसक्छन् । त्यसबेला उसको अहिलेको अहम् थला पर्छ ।

**नेता ठिक :**

यस्तै उदाहरण भारतीय राजनीतिमा पनि देखिएको छ । कांग्रेसले भारतमा एकछत्र ४० बर्ष शासन गरेको हो । जुनबेला कांग्रेसले नेता पनि पायो र नीति पनि छोडेको थिएन तब कांग्रेस अग्रगतिमा थियो । नेताहरुले कहिलेकाहीं बुद्धि बिगार्दा दल पछारिए पनि पुनः सम्हालिएको थियो । तर, जब नेता बिग्रन थाले तब कांग्रेस नाममात्रको भएको छ । हिजो चार सिट पनि जित्न नसक्ने विजेपी र साम्प्रदायिक आरोप लागेको विजेपी अहिले लगातार दुई तिहाइको सत्ता चलाउन पुगेको छ । यसको अर्थ उसको नीति ठीक भएर होइन नेता ठीक भएर हो । जब नेता बिग्रन थाल्छन् तब यो पार्टी धराशायी हुन्छ । कि नेता ठीक हुनुपर्छ कि नीति । दुबै ठीक भएन भने दल नै रहँदैन । कि नेता ठीक हुनुपर्छ कि नीति । तर, सत्तामा पुग्न भने नेता ठिक हुँदा सफल भएको पाइएको छ ।

**अन्त्यमा,**

यो लामो बहस हो । जसले पढ्छ उसलाई पनि विवादास्पद लाग्छ । किनभने यो विषयवस्तु नै त्यस्तै हो । तर, राजनीतिक सिद्धान्त ठीक भएको पार्टी पनि नेता ठीक भएन भने माथि जान सक्तैन । किनकि नीतिलाई कार्यान्वयन गर्ने र जनतामा पुर्‍याउने भने नेताहरु नै हुन् ।

# व्यवहार घरमै सिकाऔं



गंगाराम गड्तौला

बालबालिका व्यवहारिक भएनन् । बानीव्यहोरा राम्रो छैन । ठूलालाई आदर, सानालाई माया र आफू समानकासँग मित्रवत् व्यवहार गर्न जानेनन् । ठाडो बोली । व्यवहार पटक्कै छैन । पढेर के गर्नु, व्यवहारिकता छैन । शिक्षा व्यवहारिक भएन । शिक्षानीति नै भएन । यिनै गुनासा सुनिन्छन् आजभोलि ।

के हो व्यवहारिक शिक्षा भनेको ? हामीले बालबालिकाबाट कस्तो व्यवहारको अपेक्षा गरेका हौं ? अनि तिनले कस्तो व्यवहार देखाउँछन् ? किन तीनको बानीव्यहोरा हामीले सोचे जस्तो भएन ? यसमा उनीहरू गलत छन् कि हामी ? हामी मतलब, सरोकारवाला । शिक्षक, अभिभावक, विद्यालय सञ्चालक । सरकार ।



शिक्षानीति ।

सिकेको कुरा व्यवहारमा उतार्न सक्नु नै व्यावहारिक शिक्षा हो । जुन कुरा व्यक्तिले भन्न जान्दछ त्यो कुरा गरेर देखाउनु नै व्यवहारिक शिक्षा हो । अलिकति गम्भीर बनौं- बालबालिकालाई कुनै कुरा पढाइन्छ । सोधिन्छ । मौखिकरूपमा भन्न जान्दछ । लेख्न लगाउँदा लेख्छ पनि । तर, त्यसलाई व्यवहारमा उतार्न सक्दैन । यो शिक्षा व्यवहारिक भएन । यो सिकाइ नै अव्यवहारिक छ । अपूर्ण छ । अनि बालबालिकाले सिकेका कुरै अव्यवहारिक भएपछि उनीहरू कसरी व्यवहारिक बनुन् । बस्, कुरा यत्ति नै ।

हामी सिकाउँछौं । तर, आदेशात्मक । यसो गर्नुहुन्छ, उसो गर्नुहुँदैन । यो भनेको यस्तो हो । यसलाई यसो गर्नुपर्छ । हामी बोलिरहन्छौं । बालबालिकाले कारण खोज्छन् । उनीहरुले तर्क खोज्छन् । जिज्ञासा राख्छन् । तर, हामी उनीहरुलाई बोल्ने मौका दिँदैनौं । बोली नै व्यवहारको पहिलो खुट्किलो हो । उनीहरूलाई बोल्न दिऔं । प्रशस्त बोल्ने अवसर प्रदान गरौं । बोलीबाट व्यवहार शुरु हुन्छ । बोलीमा नम्रता, शिष्टता र सम्मानजनकशैली आएपछि अधिकांश व्यवहार सुध्रन्छन् । बालबालिकाको बोली विचार गरौं । उनीहरूले बोलेका कुरा हामीले अपेक्षा गरे जस्तो भएन भने सुधार गरौं । यहींबाट शुरु हुन्छ व्यवहारिक शिक्षा । अभिभावक र शिक्षक दुवैले यही गरौं ।

हामी ठूलो स्वरमा कराउनु हुन्न भनेर सिकाउँछौं । झगडा गर्नुहुन्न, जंकफुड खानु हुन्न, सरसफाई गर्नुपर्छ आदि । ती कुरा नगर्दा पिट्छौं । गाली गर्छौं । कराउँदा-पिट्दा उनीहरु थेत्तरो हुन्छन् । तिनीहरुलाई बरु अनुगमन गरौं । ‘अस्ति यस्तो पढेको होइन, खोइ, तिमीले त गरेनौ त ?’ उनीहरूलाई नै बोल्न लगाऔं । यो जुन तिमी गरिरहेका छौ, के त्यो सही छ ? प्रश्न गरौं । एउटा कुरा विचार गरौं- कुनै पनि व्यक्तिको व्यवहार परिवर्तन गर्नु छ भने उसैलाई बोल्न दिनुपर्छ । बालबालिकाहरू बचनका पक्का हुन्छन् । उनीहरूका बोलीलाई फलोअप गर्नुपर्छ । तिनीहरुले पनि हाम्रो बोली र व्यवहारको फलोअप गरिरहेका हुन्छन् । जहाँ हामी चुक्छौं, उनीहरूको विश्वासमा ठेस पुग्छ । उनीहरूलाई निषेध गरिएका कुरा हामीले गर्‍यौं भने हामीलाई टेर्न छाड्छन् ।

बालबालिकालाई व्यवहारिक बनाउन निरन्तर अनुगमन जरुरी छ । अनुगमन गर्न छाडेपछि उनीहरू बिस्तारै गलत बाटोमा लाग्छन् । ध्यान दिनुपर्ने कुरा- अधिकांश बालबालिकाले कुनै नराम्रो काम गर्नुअघि बोलीमा प्रकट गर्छन् । कतिपयले शुरुका गल्तीमा हाम्रो प्रतिक्रिया पर्खेका हुन्छन् । अधिकांशले त गल्ती हो भन्ने थाहै नपाई गल्ती गरेका हुन्छन् । हाम्रो नेपाली समाज पिटाइ संस्कृतिबाट अझै पनि मुक्त हुन सकेको छैन । गल्ती हो भन्ने नबुझिकनै उनीहरुले पिटाइ खानु परिरहेको छ । यतिसम्म कि बालबालिकाले नलेख्दा वा अक्षर नराम्रो पार्दा समेत पिटाइ खाने गरेका उदाहरण छन् । पढाइको सिलसिलामा बच्चाले पिटाइ खाएपछि उसमा पढाइप्रतिको नकारात्मक दृष्टिकोण बन्छ । अनि सानो छउञ्जेल हाम्रा लागि पढ्छ, तर उसलाई पढाइप्रति रुची नै हुँदैन ।

हरेकजसो पाठ्यक्रम-पाठ्यपुस्तक व्यवहारिक छन् । तर, तीनको प्रयोग सैद्धान्तिक भइरहेको छ । बालबालिकाले शिक्षकका लागि पढिरहेका छन् । शिक्षकले त्यसको चासो गरेका छैनन् । पाठ्यपुस्तकबाट सिकेका कुरा व्यवहारमा नदेखाउँदा अनुगमन गरेनौं । उनीहरू परीक्षामुखी हुन्छन् । परीक्षामा पास गर्नका लागि पढेका हुन्छन् । यही कुरा व्यवहारमा उतार्न पढ्ने भन्ने सिकाऔं । परीक्षाकेन्द्रीत होइन, ज्ञानकेन्द्रीत । व्यवहारकेन्द्रीत । शिक्षानीति खराब होइन । पाठ्यपुस्तक अव्यवहारिक होइनन् । तीनको कार्यान्वयन पक्ष अव्यवहारिक छ । कामचलाउ, शिक्षानीति र विद्यालयले मात्रै बालबालिकालाई व्यवहारिक बनाउन सक्दैनन् । घरैदेखि व्यवहारिक बनाउनुपर्छ ।

*janatakojeet@gmail.com*



**निर्माणाधीन पुल** | पूर्व–पश्चिम राजमार्ग अन्तर्गत बिर्तामोड सडकखण्डमा रहेको अन्धुवा खोलामा निर्माणाधीन पक्की पुल । *तस्वीरः पूर्वाञ्चल*

# ज्ञानज्योतिद्वारा न्यानो कपडा वितरण

**सुरुङ्गा, माघ ७।** ज्ञानज्योति युवाक्लव सुरुङ्गाले एक कार्यक्रमकाबीच विपन्न वर्गका वृद्धवृद्धालाई न्यानो कपडा वितरण गरेको छ।

क्लवले कनकाई नगरपालिका वडा नं. ५ स्थित बेनुबाजा क्षेत्रका एक सयभन्दा बढी विपन्न वर्गका वृद्धवृद्धालाई न्यानो कपडा वितरण गरेको क्लवका अध्यक्ष नारायण भेटवालले बताए । जाडोमा न्यानो कपडाको अभावमा कठ्याङग्रिदै बस्दै आएका उनीहरुलाई क्लवले सुरुङ्गामा सञ्चालन गरेको 'कपडा बैंक' मार्फत न्यानो कपडा वितरण गरेको अध्यक्ष भेटवालले बताए । क्लवले कनकाई नगरको सुरुङ्गा चौकस्थित सार्वजनिक स्थलमा जाडोको समयभरि रहने गरी कपडा बैंक सञ्चालनमा ल्याएको छ ।



चिसो बढेसँगै विभिन्न रोगका कारण ग्रसित बन्दै गएका विपन्न वर्गका स्थानीयबासीलाई एक मान्छे एक सरो कपडा भन्ने अभियानका साथ क्लवले कनकाई नगरका विभिन्न टोलमा गएर केही दिनदेखि निरन्तर रुपमा न्यानो कपडा वितरण गरिरहेको उनले बताए । जाडोको समयमा घरमा पनि धेरै समय आगो तापेर दैनिक जीवन बिताउने गरेका विपन्न वर्गका स्थानीयबासीले निःशुल्क न्यानो कपडा पाउँदा खुशी हुँदै क्लवलाई धन्यवाद समेत दिएका छन् ।

क्लवका अध्यक्ष भेटवालको अध्यक्षता तथा कनकाई नगरपालिका वडा नं. ५ का वडाध्यक्ष कृष्णबहादुर राईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत क्लवका सचिव पारश खरेलले गरेका थिए ।

कार्यक्रममा बेनुबाजा अंग्रेजी माविका प्रिन्सिपल विनोद सुब्बा, विद्यालयका अध्यक्ष प्रेमप्रसाद विमली, नेपालका लागि नेपाली अभियानका झापा संयोजक महेन्द्र प्रसाई लगायतले क्लवले गरेको कार्यको प्रशंसा गरेका थिए । कार्यक्रमको सञ्चालन क्लवका सल्लाहकार सागर ढुंगानाले गरेका थिए ।

# तान बुन्ने सीपले उद्यमी



**झापा, माघ ७।** झापाको दमक-१ घर भएकी ढाका कपडा व्यवसायी नीरु पुलामीलाई आफूले उत्पादन गरेको कपडाको माग निरन्तर बढ्दै गएपछि बजार धान्न मुस्किल हुँदै गएको छ। नानीहरु स्कूल र जागिरे पति काममा गएपछि घर रुङेर समय बिताउनुभन्दा ढाकाको तान बुन्ने सीप सिकेर २० वर्षअघि स्वरोजगारमा लागेकी उनी अहिले सयौँलाई रोजगारी दिने उद्यमीको पहिचान बनाउन सफल भएकी छिन् ।

'हिजो फुर्सदको समयमा शुरु गरेको व्यवसाय आज जीवन धान्ने माध्यम बनेको छ' पुलामी आफूले रोजेको स्वरोजगारीको बाटोप्रति खुशी हुँदै भन्छिन् । दमक-१ मा उनले सञ्चालन गरेको प्रविण ढाका उद्योगमा ७० भन्दा बढी कपडा बुन्ने हाते मेसिन (तान) छन् । उनको वार्षिक मुनाफा नै २० लाख रुपैयाँभन्दा बढी छ। दमक नगरपालिकाका महिला सदस्यले हरियो रङको ढाकाको साडीलाई औपचारिक पोशाक बनाएका छन् ।

एकै रङको पहिरन लगाएर नगरपालिकाको कार्यक्रम र बैठकमा पुग्दा महिला जनप्रतिनिधिलाई असाध्यै सुहाएको छ । यी सबै पोशाक पुलामीको ढाका उद्योगका उत्पादन हुन् । उनीहरुले जस्तै बुद्धशान्ति र कमल गाउँपालिका, मेचीनगर र कनकाई नगरपालिकाका महिलाले विवाह, व्रतबन्ध, भोजभतेर लगायतमा कार्यक्रममा जाँदा ढाकाकै कुर्ता सलवार, साडी, बर्की, ब्याग, चप्पल समेत प्रयोग गर्न थालेका छन् । 'नयाँ-नयाँ ठाउँबाट कपडाको माग आइरहेको छ' -उनी भन्छिन्- 'मागे जति कपडा पुर्‍याउन नसकिने अवस्था भइसक्यो ।'

स्थानीय तहका जनप्रतिनिधि, सहकारी संस्थाका महिला सदस्य, आमा र बचत समूहका महिलाले संस्थागत पहिचानका लागि एउटै रङको पहिरन लगाउने प्रचलन बढ्दै गएको छ। पुरुषहरुले लगाउने दौरा, सुरुवाल र टोपी ढाकाकै मन पराइने हुँदा बजार व्यापक बन्दै गएको छ । धेरैजसोले मौलिक पहिरनका रूपमा ढाकाका कपडा नै रोज्न थालेपछि पुलामीले सञ्चालन गरेको उद्योगमा माग बढेको हो ।

उनको उद्योगमा आबद्ध हुनेमध्ये श्रीमान् वैदेशिक रोजगारमा गएका महिला, पहाड तथा तराईका ग्रामीण क्षेत्रबाट दमकमा कलेज पढ्न आउने विद्यार्थी र सामान्य गृहिणीहरुले घरमै तान लगेर ढाकाका सामग्री बुन्ने गरेका छन् । घर-घरमा बनाएका ढाकाका सामग्रीको बजारीकरण पुलामी आफैं गर्छिन् । 'ढाका महँगो भए पनि नेपाली पहिचान झल्कने र लगाउँदा राम्रो र न्यानो भएकाले यसको माग बढेको हो' -उनले भनिन्- 'शुरुमा बजारको समस्या थियो, अहिले ग्राहकको माग धान्न हम्मे परेको छ ।'

नेपालमा उत्पादित ढाकाको सामग्रीको माग भारतको नेपाली बाहुल्य दार्जिलिङ, सिक्किम, आसाम लगायतका शहरमा अत्यधिक रहेको उनले बताइन् । किरात समुदायका पुरुषहरुले लगाउने म्याक्ली (कोट)का लागि पछिल्लो समय ढाका कपडा अत्यधिक प्रयोग हुन थालेको छ । झापाको दमकलाई ढाका कपडाका लागि पूर्वको राजधानी मानिन्छ । यहाँ साना-ठूला गरी एक दर्जन ढाका उद्योग सञ्चालनमा छन् ।

नेपाल उद्यमशील महिला संघ झापाका अध्यक्ष पार्वता विमलीले महिलाले उत्पादन गरेको व्यवसायको प्रवर्द्धनमा संघले सहयोग गर्दै आएको बताइन् । संघले गर्ने हरेक कार्यक्रममा स्थानीय महिलाले उत्पादन गरेका माला, खादादेखि अतिथिलाई दिने मायाको चिनो प्रयोग गर्दै आएको उनले बताइन् । नीरु पुलामी सोही संघकी जिल्ला उपाध्यक्ष हुन् । उनी दमक नगरपालिकाको कार्यपालिका सदस्य समेत रहेकी छिन् । संघमा आबद्ध सबै महिलाले नीलो रङको ढाका साडीलाई संस्थागत पहिरनका रूपमा प्रयोग गर्दै आएका छन् ।

दमक नगरपालिकाका उपाध्यक्ष गीता अधिकारीले ढाका व्यवसायीलाई प्रोत्साहन गर्न आफूहरुले संस्थागत पहिरनका रुपमा ढाकाको साडी प्रयोग गरेको बताइन् । उनले दमक नगरभित्र हुने कार्यक्रममा महिलाले बनाएका ढाकाका खादाले अतिथिलाई सम्मान सत्कार गर्दै आएको समेत जानकारी दिइन् । 'ढाका नेपालीको मौलिक पहिचान हो' -उनले भनिन्- 'यसको सम्वर्द्धन र प्रवर्द्धन गर्नु स्थानीय सरकारको दायित्व हो भनेर हामी लागीपरेका छौँ ।' दमकमा ढाका उद्योगबाट पाँच सयभन्दा बढीले रोजगारी पाएको उपप्रमुख अधिकारी बताउँछिन् ।

त्यस्तै पुलामीकै प्रेरणा र सहयोगबाट स्वरोजगार बन्न सफल भएकी छिन्- अर्जुनधारा नगरपालिकाकी सरु बुढाथोकी । उनी कागजका माला, ब्याज बनाएर स्थानीय क्षेत्रमा फरक पहिचान बनाउन सफल भएकी छिन् । उनले बनाउने कागजको माला, खादा, मोती र क्रिस्टलका मालाको माग झापा, मोरङ, पोखरा, इलामसम्म हुने गरेको छ । काठमाडौंमा कागजको झोला बनाउँदा रहेका टुक्रा प्रतिकेजी तीन सय रुपैयाँमा खरिद गरेर माला बनाएको उनले बताइन् । अधिकांश महिला फुर्सदको समयमा सिर्जनशील काममा लाग्नुपर्छ भनेर सन्देश प्रवाह गर्ने सफल उद्यमी नीरु पुलामी नेपाली महिलाका लागि उदाहरणीय रहेकी छिन् ।

# एस्काभेटर डुबेपछि...



**ताप्लेजुङ, माघ ७।** ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका- ४ इखाबु देखि सुङसाबुसम्म जाने सडकको स्तरोन्ति गर्ने कार्य सम्पन्न गरेर छिरुवा फर्किने क्रममा एफेङ कन्ट्रक्सनको एस्काभेटर तमोरको नदीको बीच भागमा डुबेको फक्तालुङ गाउँपालिका वडा ४ का अध्यक्ष तत्वबहादुर माबोहाङले जानकारी दिए ।

तमोर नदीको बीच भागमा धेरै गहिरो पानीको दह भएकोले एस्काभेटरको अपरेटर बस्ने स्थानसम्म डुबेपछि चिसोले इञ्जिन नचलैर नदीमा डुब्न पुगेको हुनसक्ने स्थानीय बताउँछन् । एस्काभेटरका अपरेटरको भने सकुशल उद्धार गरिएको छ ।

# मोटरसाइकल चालकको मृत्यु

**मोरङ, माघ ७।** अर्जुनधारा नगरपालिका-५ का ५४ बर्षीय पशुपति भट्टराईको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको छ ।

मोरङ बेलबारी-४ बेतनास्थित पूर्व-पशिचम राजमार्गमा पूर्वबाट पशिचमतर्फ जाँदै गरेको मे ३ प ४०९७ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको को १ ज ३७६४ नम्बरको म्याजिक एक आपसमा ठोक्किदा मोटरसाइकल चालक भट्टराई तथा पछाडि सवार रहेकी उनकी श्रीमती लक्ष्मी भट्टराई घाइते भएका थिए ।

घाइते दुबै जनालाई उपचारका लागि बिराटनगरको न्यूरो अस्पताल पठाइएकोमा उपचारको क्रममा पशुपति भट्टराईको मृत्यु भएको इलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ । म्याजिक र चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको उक्त कार्यालयले जनाएको छ ।


## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित
झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

| (हल ए) हिन्दी सिनेमा | (हल बी) हिन्दी सिनेमा |
|---|---|
| पहिलो शो ११:४५ Chhapaak | पहिलो शो ११:४५ Tanhaji 3D |
| दोस्रो शो २:०० Chhapaak | दोस्रो शो २:४५ Tanhaji 3D |
| तेस्रो शो ६:३० Chhapaak | तेस्रो शो ६:३० Tanhaji 3D |



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

# वर्गीकृत विज्ञापन

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७ ९८०६०८३८७६, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## कर्मचारी आवश्यकता
Montusori Teacher : 2 जना (महिला)
Manager : 1 जना (अफिसको लागि, बाइक र लाइसेन्स भएको हुनुपर्नेछ ।)
कुक : ४ जना
वेटर : ५ जना
किचन हेल्परः २ जना
रिसेप्सनिष्टः १ जना (इलामको लागि कम्प्युटरमा दक्ष)
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

## शिक्षक आवश्यकता
क्रिएसन महेश्वरी बुट्टाबारी
१) शिक्षक १ जना
२) मिस्टर १ जना
तलब : आपसी समझदारीमा
सम्पर्कः ०२३-४२११४८
९८४२६७२०२०, ९८१४०५८८५९
*नोटः शनिबार स्कूल खुल्ला रहने छ साथै डान्स, म्युजिक, एंकरिङ, खेलकुद र अतिरिक्त क्रियाकलाप गराइनेछ ।*

## गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
**सयपत्री**
९८४२६५४४००, ९८०४९५४४००

## फ्ल्याट भाडामा
शनिश्चरे रोडमा कन्काई विकास बैंक बसेको घरमा रहेको फ्ल्याट भाडामा रहेकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क : ९८१८८६५३३१**

## टाटा सुमो गाडी भाडामा चाहिएमा
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९, ९८४१३२१४६४

## आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## चलिरहेको Corultavey बिक्रीमा
Sanischare Road
Near Everest Bank
Contact : 9852641165
9803441165
*नोटः फाइनान्स, सहकारी, मेनपावर, इन्स्टिच्युटका लागि उपयुक्त ।*

## जग्गा बिक्रीमा
अटोल्याण्ड बुट्टाबारीमा हाइवेबाट १०० मिटरभित्र प्लानिङ्ग गर्न मिल्ने वा ग्यारेज सञ्चालन गर्न मिल्ने ६ कठ्ठा अत्यन्त सस्तो जग्गा बिक्रीमा छ ।
**मो. ९८१८१७१९१२**

## जग्गा बिक्रीमा
बिर्तामोड बस पार्कबाट १½ किलोमिटर २½ मा १ कठ्ठा नर बढी भएको अत्यन्त सस्तो मूल्यमा जग्गा बिक्रीमा छ ।
**मो. ९८१८१७१९१२**

## पसल बिक्रीमा
बिर्तामोड कृषिथोक रोडमा रहेको चालू अवस्थाको फेन्सी पसल तु-बिक्रीमा छ ।
*नोटः खाली सटर मात्र पनि दिइनेछ ।*
**मो. ९८१०१३९६७५**


## हिजोको सूनचाँदीको भाऊ
छापावाला सुन : ७३,३००।-
तेजाबी सुन : ७३,०००।-
असल चाँदी : ९०५।-



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** विशेष भेटघाटले काममा उत्साह बढाउला । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व पनि हातलागी हुने समय छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । चुनौतिहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ । सामाजिक काममा रुची बढ्नेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ । धार्मिक अनुष्ठान र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला । समस्या दर्शाउँदा शुभचिन्तकहरूले साथ दिनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** चिताएको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ । अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ । मेहनतले जीवनशैलीमा राम्रो परिवर्तन ल्याउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आफन्तहरूको साथ जुट्नाले ले नयाँ कामतर्फ आकर्षित भइनेछ । नयाँ सवारी तथा विलासिताका साधन प्राप्त हुनेछन् ।

# सामुदायिक विद्यालयको पाठ्यक्रम सिर्जनात्मक र व्यवहारिक हुनुपर्नेमा जोड

□ दिपेन लावती



**शान्तिनगर, माघ ७।** सामुदायिक विद्यालयको पाठ्यक्रम सिर्जनात्मक र व्यवहारिक हुनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । मानव अधिकार समूह बुद्धशान्तिले आयोजना गरेको 'शिक्षाको अधिकार सम्बन्धी शिक्षक, अभिभावक, विद्यार्थी र सरोकारवालाहरुबीच एकदिने अन्तरक्रिया कार्यक्रम' मा उनीहरुले यस्तो बताएका हुन् ।

कार्यक्रममा बुद्धशान्ति गाउँपालिकाभित्रका १६ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक समितिका संयोजक र विद्यार्थीको सहभागिता रहेको थियो । गाउँपालिकाभित्रका सामुदायिक विद्यालयको शैक्षिक, भौतिक गुणस्तर सुधार्न र उत्तरदायी बनाउन आयोजना गरिएको कार्यक्रममा पालिकाका जिम्मेवार तहका व्यक्तित्वहरुको भने उपस्थिति थिएन ।

बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, सातवटै वडाका वडाध्यक्षलाई कार्यक्रममा निमन्त्रणा गरिए पनि ६ नम्वर वडाध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक शम्भुप्रसाद पौड्याल बाहेक अन्यको उपस्थिति नभएको बताइएको छ । कार्यक्रममा बुद्धशान्ति गाउँपालिका शिक्षा प्रमुख कमल निरौलाले पालिकाभित्रका सामुदायिक, संस्थागत र गुरुकुल विद्यालयको वर्तमान अवस्थाको बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा गडिगाउँ माविका प्रधानाध्यापक घनाश्याम आचार्यले अबको सिकाई प्राविधिक युगको भएकोले प्रविधिसँग विद्यार्थीलाई जोड्नसके सिकाई उपलब्धिमूलक हुने बताए । उनले विद्यालयको भौतिक सुधारका साथै वैज्ञानिक, व्यवहारिक र प्राविधिक सिकाई आजको आवश्यकता भएकाले गाउँपालिकाले स्रोतको सही परिचालन गर्नसके विद्यार्थीहरुको क्षमता सिर्जनात्मक हुनेमा जोड दिए । उनले अपाङ्गमैत्री विद्यालय, छात्र/छात्रा शौचालय, खेलमैदान, भाषागत ज्ञान, विद्यार्थीको क्षमता अनुसारको पठनपाठन गराउन सकेमात्र योग्य जनशक्ति उत्पादन हुने बताए ।

त्यस्तै, त्रिभुवन माविका प्रधानाध्यापक कुमार आचार्यले अहिलेको पठनपाठन विद्यार्थीहरुको लागि निद्राको औषधि भएको टिप्पणी गरे । एउटै शिक्षकले फरक-फरक विषय पठाउनुपर्ने बाध्यात्मक परिस्थितिमा सरकारले दरवन्दी परिपूर्ति गर्न नसकेकोले विद्यार्थीलाई समस्या भएको बताए । सामुदायिक विद्यालयको पाठ्यक्रमको पठनपाठनले विद्यार्थी अब्बल नहुने भन्दै उनले अतिरिक्त क्रियाकलापमा विद्यार्थीलाई सहभागिता गराउन सरकारले उपलब्ध गराएको स्रोतले नपुग्ने भन्दै गाउँपालिकाले समेत सहयोग गर्नुपर्ने बताए ।

त्यस्तै बर्ने माविका शिक्षक केसी श्रेष्ठले विद्यालय बालमैत्री र सिर्जनशील सिकाईको थलोको रुपमा विकास गर्नुपर्ने बताए । संस्थागत विद्यालयको पाठ्यक्रम मोटो र राम्रो कागजमा हुने तर सामुदायिक विद्यालयको पाठ्यक्रम पातलो कागजमा हुने भएकाले पठनपाठनमा विद्यार्थीको रुची कम हुने गरेको बताए । उनले शिक्षक र विद्यार्थीलाई उत्प्रेरणा र मूल्याङ्कन गर्न सके पढाईको गुणस्तर उकासिन धेरै समय नलाग्ने बताउँदै अब रटाउने शिक्षण सिकाई कम गर्नुपर्नेमा जोड दिए । उनले विद्यालयमा पुस्तकालय, खेलकुदका सामग्री, खानेपानीको व्यवस्थापन, कम्प्युटर लगायतका सेवासुविधा हुने हो भने सामुदायिक विद्यालयका विद्यार्थी पढाईसँगै अतिरिक्त क्रियाकलापमा अब्बल हुने बताए ।

त्यस्तै बुद्ध आदर्श माविका विद्यार्थी सञ्जोग दाहालले किताबी ज्ञानसँगै व्यवहारिक सिकाईले मात्र उपलब्धिमूलक हुने बताए । कम्प्युटर छ, शिक्षक छैन् । प्रतिभा छ, निखार्ने वातावरण छैन् भन्दै उनले विद्यालय र सम्बन्धित निकायको ध्यान जान जरुरी रहेको औल्याए । त्यसैगरी राष्ट्रिय विजय माविका प्रधानाध्यापक रामप्रसाद तिम्सिनाले सामुदायिक विद्यालय गरिब, निमुखाका छोराछोरी पढ्ने थलोको रुपमा विकास हुन लागेको भन्दै चिन्ता ब्यक्त गरे । उनले नेपाल सरकारले मावि सञ्चालनका लागि अनुमति दिएको छ तर, शिक्षक पदपूर्ति गर्न नसक्दा पठनपाठन गर्न असजिलो भएको बताए ।

त्यस्तै पत्रकार अनिल बाग्लेले विद्यालयको शैक्षिक, भौतिक गुणस्तरसंगै शिक्षकहरुको व्यवहार र त्यहाँको वातावरणको बारेमा मूल्याङ्कन गर्नुपर्ने बताए । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका बुद्धशान्ति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत इन्द्र चापागाँईले शिक्षाका विषयमा उठेका सवालको गाउँपालिकाले सकारात्मक ढंगले लिएको बताए । उनले गाउँपालिकाको शिक्षा ऐनको तयारी गरिरहँदा दवाव र भीडबाट आएको सुझावभन्दा अन्तरक्रियाबाट आएको निष्कर्ष राम्रो भएको बताउँदै यो प्रचलनले निरन्तरता पाउनुपर्नेमा जोड दिए । अब बौद्धिक, विज्ञ, राजनीतिक दलका प्रतिनिधि र सरोकारवालाहरुसँग विषयगत र समूहगत ढंगले छलफल गरी अन्तरक्रिया कार्यक्रमबाट आएका राम्रा विषयलाई समेटेर लैजाने उनले प्रतिबद्धता जनाए ।

सामाजिक विकास समितिका संयोजक शम्भु पौड्यालले संविधानले तोकेको नीतिनियम लागू गर्न प्रयासरत् रहेको बताए । उनले स्थानीय पाठ्यक्रम निर्माणको चरणमा रहेकाले विज्ञहरुसँगको छलफललाई अघि बढाउने गाउँपालिकाको तयारी रहेको जनाए ।

पुस्तकको कागजको गुणस्तर राम्रो बनाउने राष्ट्रिय नीति आइसकेकोले त्यो अनुसार पेपर व्यवस्थापन गर्ने बताउँदै बर्ष र लक्ष्य तोकेर गुरुयोजना बनाउने तयारी रहेको बताए । उनका अनुसार अंग्रेजी शिक्षणले मात्र शैक्षिक गुणस्तर माथि उठ्ने होइन, क्षमता अनुसार अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता बढाउनुपर्छ । गाउँपालिका शिक्षा प्रमुख निरौलाले छलफलमा उठेका प्रश्नको जवाफ दिएका थिए ।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) विराटनगरको सहयोगमा सञ्चालित अन्तरक्रिया कार्यक्रममा इन्सेक झापाका प्रतिनिधि नरेश खातीले कार्यक्रमको विषयमा जानकारी गराएका थिए । मानव अधिकार समूह बुद्धशान्तिका अध्यक्ष देवकुमारी सेर्माको अध्यक्षतामा भएको कार्यक्रममा समूहका कोषाध्यक्ष सुशिला रिसालले धन्यवादसहित कृतज्ञता प्रकट गरेकी थिइन् । कार्यक्रमको सहजीकरण समूह सचिव निलमणि न्यौपानेले गरेका थिए । बुद्धशान्ति गाउँपालिकाभित्र १६ वटा सामुदायिक, १७ वटा संस्थागत र एउटा गुरुकूल विद्यालय रहेका छन् । जहाँ छ हजार नौ सय ४७ जना विद्यार्थी अध्ययरत् रहेको शिक्षा शाखाले दिएको तथ्यांकमा उल्लेख छ ।

## बिहीबारेमा बराह महापुराण



**बिर्तामोड, माघ ७।** अर्जुनधारा-५ बिहीवारे बजार लक्ष्मीपुरस्थित नवदुर्गा पाञ्चायतन मन्दिरमा श्रीमद् बराह महापुराण शुरु भएको छ ।

गत माघ ५ गतेदेखि शुरु भएको श्रीमद् बराह महापुराण आगामी माघ ११ गतेसम्म सञ्चालन गरिने पुराण आयोजक समितिका अध्यक्ष हरि खड्काले जानकारी दिए । पुराणको उद्घाटन मेची भन्सार कार्यालय काँकरभिट्टाका प्रमुख ध्रुवराज विश्वकर्माले गरेका थिए । नवदुर्गा पाञ्चायतन मन्दिरमा १८औं पुराण लगाउने उद्देश्यले प्रत्येक बर्ष पुराणको आयोजना गरिँदै आएको र यस वर्ष १५औं वार्षिक अनुष्ठान अन्तर्गत श्रीमद् बराह महापुराण आयोजना गरिएको पुराण आयोजक समितिका अध्यक्ष हरि खड्काले जानकारी दिए ।

पण्डित पुरुषोत्तम गजुरेलको प्रमुख वाचकत्व र पण्डित लक्ष्मीप्रसाद पोखरेलको उपवाचकत्वमा भइरहेको श्रीमद् बराह महापुराणमा द्रव्य, धान्य, तण्डुल, लवण, शर्करा, दूध, दहि, घ्यु, बस्त्र, मह, तेलको तोलादान भइरहेको उनले बताए । त्यस्तै कथा प्रवचन, भजनकिर्तन, ज्ञानमञ्च, झाँकी लगायतका विविध कार्यक्रम भइरहेको अध्यक्ष खड्काले बताए ।


## साउदीमा वैदेशिक रोजगारको सुवर्ण अवसर

कम्पनी : **SHAPOORJI PALLONJI MIDEAST (LLC)**

पूर्व स्वीकृति मितिः २०२०।०१।१३ चलानी नं. ६०१४९९८५ लट नं. २३०५०८

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Common Labour | २७ | 1000/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

**नोटः यसै कम्पनीको लागि Plumber, Pipefitter, Ductman, Insulater, Weldor, Electrican AC Tenchnican, Fire Fighting Technican ELV Technican को पनि भारी संख्यामा माग भएकोले जान चाहने इच्छुक व्यक्तिहरुले त्यही दिन मुनामदन ट्रेनिङ्ग सेन्टरमा सम्पर्क गर्नुहोला ।**

**फाइनल अन्तरवार्ता माघ ९ गते बिहीबारका दिन मुनामदन ट्रेनिङ्ग सेन्टर बिर्तामोडमा हुँदैछ ।**

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT. LTD.**
Gausala, Ratopul, Lathm,andu, Nepal
Phone No. 01-4488288
Mob. 9802074306/9824925562/9801402978


## AGRICULTURAL DEVELOPMENT FIRM

Province No.1, Chandradangi, Jhapa

## Invitation for Bid

*First Date of Publication: 2020/01/22 (2076/10/08)*

1. The Agricultural Development Farm, Chandradangi, Jhapa invites sealed bid from eligible bidders for the **Following Construction works.**

| S N | Description Of works /Contract ID | Bid Fee | Bid Security | Estimated Amount (without VAT) | Last date for bid purchase | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Main Gate & Toilet in Agricultural Development Farm Contract Id : ADFC/SQ/03/2076/77 | 1000.00 | 23,470.00 | 830,754.46 | 2076/10/22 2020/02/05 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Agricultural Development Farm, Chandradangi, Jhapa during office hours.
3. A complete set of bidding documents may be purchased by the interested bidders upon submission of a written application attaching copies of the Firm Registration certificate, Business Registration Certificate valid for F/Y 2076/77 , VAT Registration and Tax Clearance Certificates of F/Y 2075/76 at Agricultural Development Farm, Chandradangi, Jhapa and upon payment of a non-refundable fee mentioned above. Bidding documents can be purchased within the office hours on or before **as mention above date.**

**Information to deposit the cost of bidding document and dharauti in Bank:**
Name of the Bank: **Rastriya Banijya Bank, Bhadrapur, Jhapa**
Name of Office: Agricultural Development Firm, chandradangi
**Rajaswo Account no. 1000200010000 (For Bid Document Purchase)**
Dharauti Account no. **221020303000000 (For Bid Security Amount)**

4. Sealed Bids must be delivered to the Agricultural Development Farm, Chandradangi, Jhapa on or before 12:00 hrs of 6th Feb 2020 .
5. Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security mounting to a minimum of as described in details of work and issued by commercial bank, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the validity of bid security shall be considered from already specified last date for bid submission.
7. The Agricultural development Farm, Chandradangi reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

### बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।


## जग्गा बिक्रीमा




बिर्तामोडस्थित बसपार्क प्रवेश गर्ने मुलबाटोमा छोएको, पूर्वी ३६ फिट मोहोडा भएको, राजमार्गबाट १०० मिटरभित्र पर्ने व्यापारिक प्रयोजनको निमित्त उपयोगी १ कठ्ठा (२० धुर) जग्गा बिक्रीमा छ ।

**सिधा सम्पर्क**
**९८०४९९९७६६**

## सटर बुकिङ खुल्ला

भद्रपुर मेची पुल भन्सार कार्यालयसँगै व्यवसायिक प्रयोजनका लागि निर्माण हुन गइरहेको १०X१२ देखि ११X२५ सम्मका सटरहरुको बुकिङ खुल्ला गरिएको छ । बुकिङ गर्न चाहनु हुने महानुभावले तु–सम्पर्क गर्नुहोला ।

सम्पर्कः **सोनी कम्प्लेक्स** (खान मोटरसाइकल सेन्टर)
९८१७९०१५८६, ९८०४९५८०९५, ९८०७९५१२३४

## 'गुणस्तरीय सामान गणपतिको पहिचान'

ब्राण्डेड कम्पनीको **स्टील रेलिङ, आल्मुनियमका झ्याल, ढोका, बाथरुमका ग्यारेन्टी ढोका, रेडिमेड भित्री ढोका,** AEP Design, **ग्लेजिङ्ग (कम्प्लेकसमा सिसा), अफिस पार्टिसन, फल्स सिलिङ्ग, मोड्युलर किचन** र सिटिङ्गहल डेकोरेसन साथै **ट्रस**को काम पनि गरिन्छ ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
प्रो. गोपाल सिटौला
९८५२६७१४२२,
९८१६००६३७३

**सम्पर्क**
सुरुङ्गा, भगवानचोक
बिर्तामोड र गरामनी झापा
९८२४९७३५३६ – पदम
९८१४०५२६०१ – राम

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## UAE को राजधानी अबुधावीका लागि नेपाली ट्याक्सी ड्राइभरहरुलाई रोजगारको सुवर्ण अवसर

**नेपाली लाइसेन्स हुनेलाई युएईको लाइसेन्स ग्यारेन्टी गरिनेछ ।**

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

**नोटः**
**युएईको No 1 ARABIA TAXI L.L.C. ABUDHABI कम्पनीको लागि २०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ । तलब ८०० बेसिक+कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने हुँदा जान इच्छुकले तु–सम्पर्क गर्नुहोला । उमेरको हकमा १९ वर्षदेखि माथि ४५ वर्षसम्मको हुनुपर्नेछ । अंग्रेजी सामान्य लेख्न, बोल्न सक्ने हुनुपर्नेछ ।**

**फाइनल अन्तरवार्ता माघ ८ र ९ गते बुधबार र बिहीबार बिर्तामोडमा हुनेछ ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान–३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

# राहदानी बनाउने महिला बढे



**गौरीगञ्ज, माघ ७।** गौरीगञ्जका महिलाहरुमा बिदेशको मोह बढ्दै जाँदा केही वर्षयता राहदानी बनाउने क्रममा महिलाको संख्यामा वृद्धि भएको छ।

इलाका प्रशासन कार्यालय गौरीगञ्जमा यस आर्थिक बर्षमा बिदेश जाने तयारीमा राहदानी बनाउन पुरुषको हाराहारीमा महिलाको संख्या पुगेको छ। रोजगारीको सिलसिलामा युवा बिदेश जान राहदानी बनाउने गर्दछन्। त्योसँगै केही बर्षयता वैदेशिक रोजगारीमा जाने महिलाको संख्यामा समेत वृद्धि भएको पाइन्छ।

आर्थिक अवस्था कमजोर भई घरपरिवार चलाउन समस्या भएपछि महिलाहरु पनि वैदेशिक रोजगारीतर्फ अग्रसर भएको छ। सम्बन्धबिच्छेद वा अन्य कुनै कारण एक्लिएका महिलाहरु पनि जीवन जिउन रोजगारीको खोजीमा बिदेश जाने गरेका छन्। इलाका प्रशासन कार्यलय गौरीगञ्जमा यस आर्थिक बर्षको साउनदेखि पुस मसान्तसम्म छ महिनामा जम्मा सात सय एक जनाले राहदानी बनाएका छन्। राहदानी बनाउनेमा महिलाको संख्या दुई सय ४९ रहेको छ भने पुरुषको संख्या चार सय ५२ रहेको छ। राहादानी बनाउनेमा एक सय ८४ जना युवाले द्रुत सेवा लिएका छन्।

आर्थिक बर्षको १२ महिनामा इलाका प्रशासन कार्यालय गौरीगञ्जमा एक हजार तीन सय १९ जनाले राहदानी बनाएका थिए। इलाका प्रशासन कार्यालय गौरीगञ्जका अनुसार गत आर्थिक बर्षमा तीन सय पाँच जनाले राहदानी बनाउन द्रुत सेवा लिएका थिए। महिलाहरु बिशेषगरी पढाइको सिलसिलामा बिदेश जाने गरेको बताउँछन्। माध्यमिक स्तर वा डिप्लोमा सम्मको पढाइ सकेका महिलाहरु उच्च शिक्षा लिन बिदेश जान राहदानी बनाएको बताउँछन्।

गौरादह नगरपालिका वडा नं. ५ कि २३ बर्षीया दिलशा नेम्वाङ पढाइको सिलसिलामा बिदेश जान राहदानी बनाएको बताउँछिन्। १२ कक्षासम्मको अध्ययन पूरा गरेकी दिलशा माथिल्लो लेवलको शिक्षा लिन बिदेश जाने तयारी गरेको बताउँछिन्। गौरादह नगरपालिका वडा नं. ७ कि भूमिका बर्देवा पनि पढाइसँगै रोजगारी गर्न बिदेश जाने तयारी गरेको बताउँछिन्। स्नातक अन्तिम वर्षमा अध्ययन गर्दै गरेकी भूमिका आफ्नो देशमा योग्यता अनुसारको रोजगारी नपाएका कारण बिदेश जानेतर्फ पाइला सारेको बताउँछिन्।

पुरुषहरु रोजगारीका लागि बिदेश जाने गरेता पनि आर्थिक अवस्था कमजोर भएका र रोजगारी नभएका महिलाहरु काम गर्न बिदेश जाने गरेका थिए। विगत बर्षबाट राहादानी बनाउने महिलाको संख्या बढेको इलाका प्रशासन कार्यालय गौरीगञ्जका प्रमुख राजु दहाल बताउँछन्। काम गर्न जानेभन्दा पढ्न जाने उद्देश्यले राहदानी बनाउन आउने महिलाहरु बढी भेटिएको उनी बताउँछन्।

राहदानीका साथै इलाका प्रशासन कार्यालय गौरीगञ्जबाट यस आर्थिक बर्षको छ महिनामा सात सय ८० जनाले नागरिकता प्रमाणपत्रको सेवा लिएका छन्। वैवाहिक अंगिकृत नागरिकता १७ जनाले लिएका छन्। पाँच सय ४२ जनाले नागरिकताको प्रतिलिपि, १६ जनाले नावालक परिचय पत्र, ठाडो उजुरी दुई जनाले दिएको र फर्छ्यौट समेत गरेको इलाका प्रशासन कार्यलयका नायव सुब्बा भानुभक्त भट्टराईले बताए।

# जनअपेक्षा बुझ्न गुनासो चौतारी कार्यक्रम

**इलाम, माघ ७।** सूर्योदय नगरपालिकाले स्थानीयबासीको गुनासो जिज्ञासा र सुझाव सुन्नको लागि वडा-वडामा गुनासो चौतारी कार्यक्रमलाई तीव्रता दिएको छ।

गत बर्षबाट शुरु गरिएको गुनासो चौतारी कार्यक्रमलाई सूर्योदय नगरपालिकाले यस बर्ष पनि निरन्तरता दिएको हो। वडा नं. ११ बाट यस बर्षको कार्यक्रमलाई शुरुवात गरेको नगरपालिकाले जनाएको छ।

कार्यक्रममा लेखनाथ भट्टराई, लता गौतम अधिकारी, हर्कबहादुर राई, खेमराज भट्टराई, सोनामछिरिङ काजी, गोपाल भट्टराई, माधव आचार्य, टिष्टा राई, बिनु राई, भक्तिप्रसाद भट्टराई, डोरप्रसाद ढुंगाना, मदन राई, बाबुराम राई, सुष्मा राई, डिल्ली आचार्य लगायतले बिभिन्न जिज्ञासा गुनासाहरु राखेका थिए।

उनीहरुले वडामा बजेट विनियोजनमा असमानता, वडा कार्यालय पुग्न असहजता, डेरी मिल लगायतका क्षेत्रमा करको दर बढी भएको लगायतका गुनासाहरु राखेका थिए। साथै अलवेदर सडक, बुहारी शिक्षा, एकल महिलालाई स्वास्थ्य बिमा, किसानलाई अनुदानमा गाई बितरण ज्येष्ठ नागरिक देश दर्शन लगायतका कार्यक्रमहरु निक्कै सकरात्मक भएको भन्दै उक्त कार्य अझ परिमार्जन समय सापेक्ष बनाउँदै जारी राख्न आग्रह गरे।

सहभागीले काठको पोल हटाउन, करलाई अझ समायोजन गर्न, सबै क्षेत्रमा सम्मान विकास गर्न, सिँचाई खानेपानी, सञ्चार, बाटो लगायतका विकासका पूर्वाधारहरु वडाको सबै क्षेत्रमा समानरुपमा पुर्‍याउन सुझाव दिएका थिए।

कार्यक्रममा उनीहरुले अटो रिक्सालाई अझ ब्यवस्थित गरेर सञ्चालनको वातावरण मिलाउनुपर्ने वडामा जनप्रतिनिधिहरुको उपस्थीति हुनुपर्ने दुर्गम क्षेत्रको विकासमा बढी प्राथमिकता दिनुपर्ने जनताको गुनासो सहि समयमा सम्बोधन गर्नुपर्ने लगायतका सुझाव दिएका थिए।

गुनासो चौतारीमा उठेका सवालहरुको जवाफ दिँदै सूर्योदय नगरपालिकाका प्रमुख रणबहादुर राईले सूर्योदय नगरपालिका आलोचनाबाट कहिल्यै नडराउने बरु यसबाट पाठ सिकेर अगाडि बढ्ने बताए। उनले धेरै गुनासोहरु आउँदा उति नै कार्यक्रम फलदायी हुने भएकोले निर्धक्क भएर आफना गुनासा सुझाव र जिज्ञासा राख्न आग्रह गरे।

उनले आएका सुझावलाई मध्यनजर गर्दै नगर अगाडि बढ्ने प्रतिबद्धता जनाए। नगरको विकासको मुख्य आधार जनता भएको र नगरको सबै क्षेत्रमा विकासका पूर्वाधारहरु पुऱ्याउन आफनो टिम सधैं लागीरहने भएकोले सबै पक्षबाट खबरदारी सुझाव गुनासा जिज्ञासा राख्दै साथको अपेक्षा रहेको बताए।

वडा नम्बर ११ का अध्यक्ष टेकबहादुर राईले वडाको विकासमा निष्पक्ष काम गरेको बताउँदै जनताको चाहाना र आवश्यकता अनुसार आफू अगाडि बढ्ने प्रष्ट पारे। शिक्षा शाखा प्रमुख रुद्रनारायण सापकोटाले शिक्षा क्षेत्रमा आएका समस्या समाधान गर्दै नगर अगाडि बढिरहेको बताए। शिक्षा क्षेत्रमा आएका समस्या समाधान गर्न नगर शिक्षा शाखा कटिबद्ध रहेको उनले बताए।

## विद्यालयलाई जग्गादान

**संखुवासभा, माघ ७।** संखुवासभाको मादी नगरपालिका-८ स्थित मावादिनमा सञ्चालित सरस्वती माविलाई स्थानीय सावित्रा लिङ्थेपले आफ्ना पितृहरुको सम्झनामा छ रोपनी जग्गा निःशुल्क उपलब्ध गराएकी छिन्।

लिङ्थेपले आफ्ना स्व. सासू फिपरानी लिम्बू, ससुरा हस्तबहादुर लिम्बू र श्रीमान् गणेशमान लिङ्थेपको स्मरणमा छोरी तिलकुमारी लिङ्थेपका नाममा रहेको विद्यालयको सिमानासँगै जोडिएको करिब पाँच लाख रुपैयाँ बराबरको छ रोपनी जग्गा विद्यालयलाई निःशुल्क उपलब्ध गराएकी हुन्। जग्गा प्राप्तिसँगै विद्यालयको आवश्यक खेल मैदान र थप नयाँ भवन निर्माणका लागि सहज हुने स्थानीय समाजसेवी एवम् विद्यालयका शिक्षक हर्ककुमार राईले बताए।

शिक्षक राईका अनुसार वि.सं. २०१७ मा स्थापना भएको विद्यालयमा अहिले बालकक्षादेखि कक्षा १० सम्म पठनपाठन भइरहेको छ। विद्यालयले निःशुल्क जग्गा प्राप्ति गरेसँगै कक्षा ११ र १२ सञ्चालनका लागि समेत थप सहयोग पुग्ने विद्यालयका प्रधानाध्यापक मातृकाप्रसाद दाहालले बताए।

अहिले कक्षा ११ र १२ पढ्नका लागि साविक मावादिन गाविसका दुई वडाभित्र सञ्चालित तीन माध्यमिक विद्यालयमा अध्ययनरत् विद्यार्थी मादी, चैनपुर, पोखरीलगायत जिल्ला बाहिर जानुपर्ने बाध्यतालाई चिर्ने उद्देश्यका साथ विद्यालयले जग्गाको खोजी गरिरहेको बेला समाजसेवी महिला लिङ्थेपले गरेको उदाहरणीय कामको मावादिन क्षेत्रमा सर्वत्र प्रशंसा भइरहेको वडाध्यक्ष पासाङ शेर्पाले बताए।

# जाडोमा पोलिने घटनाबाट जोगिने र प्राथमिक उपचारका उपाय



जाडोको समयमा पोलिने घटना अत्यधिक हुने र यसबाट अत्याधिक मात्रामा जनधनको क्षति हुने हुँदा निम्न बचाउ र प्राथमिक उपचारका उपायहरु अपनाउन अनुरोध छ।

- आगोको काम सकिए पछि तुरून्तै निभाउने।
- न्यानो रहन लुगा लगाउने र ओड्ने, आगो ताप्नै परे आगोको नजिक नबस्ने, खुकुलो लुगा नलगाउने, बच्चा नबोक्ने, मट्टितेल पेट्रोल आदि नखन्याउने।
- फोहर र प्लाष्टिक कागज आदि उचित तरिकाले विसर्जन गर्ने। यिनलाई पोल्दा प्रदुषण हुने मात्र होइन, पोलिने पनि सक्छ।
- आगो, तातो पानी र तातो पदार्थबाट बच्चाहरूलाई टाढै राख्ने।
- भुइँभन्दा अग्लो तहमा पकाउने, पकाउँदा बच्चा नबोक्ने, कपाल र कपडा सपक्क बाँध्ने, छिट्टै आगो टिप्ने पोलिष्टर तथा टेरिकटनको कपडा नलगाउने।
- ग्यास चुलो, पाइप र सिलिण्डरको नियमित चेकजाँच गर्ने, काम सकिए पछि रेगुलेटर बन्द गर्ने, ग्यास चुहावट भएको शंका लागे झ्याल ढोका खोलेर रेगुलेटर बन्द गर्ने। सलाई, बिजुली, टर्च, फोन प्रयोग गर्दा ठूलो विष्फोट हुनसक्ने हुँदा यसो नगर्ने।
- हावा नखेल्ने बन्द कोठामा गिजर, हिटर चलाउँदा निसास्सिएर ज्यानै जानसक्ने हुँदा यसो नगर्ने। हिटर निभाएर मात्र सुत्ने।
- आगोले पोलिहालेमा तुरून्तै आतिएर दौडिनु हुँदैन। यस्तो अवस्थामा रोकिनुहोस्, भुइँमा लड्नुहोस् अनि लडिबुडी गरेर जिउमा लागेको आगो निभाउनुहोस्। यसरी ननिभे बाक्लो कम्बल वा सिरकले छोपेर निभाउन सकिन्छ।
- आगो निभेपछि लुगा, घडी र गहनाहरू फुकाल्नु होस्। त्यसपछि घाउलाई धाराको पानी मा कम्तीमा आधा घण्टा धुनुहोस्।
- घाउलाई सफा कपडाले छोपेर नजिकको अस्पतालमा तुरून्तै जानुहोस्। अस्पताल टाढा भएमा बाटोमा प्रशस्त नून, चिनी, पानी वा जीवनजल सेवन गर्दै जानुहोस्।

# 'फिल्मी दुनियाँमा अटाउन गाह्रो छ'

नेपाली फिल्ममा नयाँ अनुहारको प्रवेश दिन दुई गुना र रात चौगुनाले बढिरहेको छ। अहिले हरेक हप्ता प्रदर्शन हुने फिल्ममा अभिनेता वा अभिनेत्री नयाँ अनुहार हुने गरेका छन्। तर, सफलता भने एकाधले मात्र हात पारेका छन्। कति फिल्म फ्लप हुँदा पनि अभिनय राम्रो भएका कारण चम्किएका छन् भने कति फिल्म हिट भएर पनि अभिनय कमजोर हुँदा गुमनाम छन्।

यसबीच, आगामी फागुन २ गतेबाट देशव्यापी प्रदर्शनमा आउन लागेको लभस्टोरी-कमेडी जनरामा निर्माण भएको फिल्म 'लभ डायरिज' बाट रूविना थापाले अभिनयमा डेब्यू गर्दैछिन्। फिल्मको 'सुन्यौ कि सुनेनौ तिमीले' र 'छमछम' बोलको गीतमा उनको सुन्दरता, हाउभाउ र एक्सप्रेसनलाई दर्शकले रूचाएका छन्। अब, फिल्ममा उनको अभिनय कस्तो भन्ने चासो धेरैमा छ।

यो फिल्ममा रूविनाको जोडी ह्यान्डसम हंक सुशील श्रेष्ठसँग बाँधिएको छ। ट्रेलर सार्वजनिक कार्यक्रममा उनले आफूलाई दर्शकले अभिनेत्रीको रूपमा स्वीकार गर्नेमा आशावादी रहेको बताइन्। आफ्नो भूमिकालाई न्याय गर्न कुनै कसर नछाडेको बताउँदै उनले फिल्म राम्रो बनेको पनि बताइन्।

डेब्यू फिल्म रिलिज नहुँदै उनले नेपाली फिल्म क्षेत्रमा टिक्न सजिलो नभएको पनि महशुस गरिसकेकी रहेछिन्। उनले कार्यक्रममा भनिन्- 'मेरो फिल्मी ब्याकग्राउन्ड नभएकाले फिल्ममा प्रवेश गर्न सजिलो थिएन। यो फिल्मबाट अभिनेत्री बन्ने सपना त पूरा भयो, तर फिल्मी दुनियाँमा अटाउन गाह्रो छ। यद्यपि, म आफूलाई प्रमाणित गर्नका लागि अभिनयमा मेहनत गर्न छाड्ने छैन।'

सौरभ चौधरी निर्देशित फिल्ममा विश्वजीत रिमाल, बिष्णु सापकोटा, अर्जुनजंग शाही, बिशाल पहारी लगायतका कलाकारहरूको पनि अभिनय छ। युवा-युवतीबीचको माया-प्रेम र कमेडीलाई फिल्ममा देखाइएको निर्देशक चौधरी बताउँछन्। फिल्म मनोरञ्जनात्मक मात्र नभएर सन्देशमूलक पनि रहेको उनको भनाई छ। यो फिल्ममा विनोद सापकोटाको मुख्य लगानी रहेको बताइएको छ।




'माका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो, आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो'

# भावपूर्ण श्रद्धाञ्जलि

मेरो श्रीमान्, हाम्रो बुबा/दाइ/ठूलोबुबा एवम् पूर्व फुटबल खेलाडी **प्रेम बुढाथोकी 'सान दाइ'**को २०७५ साल माघ १९ गते ५० वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामीलाई अत्यन्त शोक विह्वल र मर्माहत तुल्याएको छ। श्रीमान्/बुबा/दाइ/ठूलोबुबा वियोगको यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित आज पहिलो वार्षिक पूण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।



स्व. प्रेम बुढाथोकी 'सान दाइ'
जन्म : वि.सं. २०२५/०२/०२
निधन : वि.सं. २०७५/१०/१९

**श्रीमती : सुनिता बुढाथोकी**
**छोरी+ज्वाइँ :**
**पूजा बुढाथोकी+निराजन कुँवर**
**छोरा :**
**सुजन बुढाथोकी**

**भाइ+बुहारी :**
**पूर्ण-सरस्वती बुढाथोकी**
**श्री-शारदा बुढाथोकी**
**भतिजी : आशिका बुढाथोकी**
**भतिज : दिवश बुढाथोकी**

एवम् **समस्त बुढाथोकी परिवार**
**अर्जुनधारा नगरपालिका-८, शनिश्चरे बजार (झापा)**